जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक ५९ • २०८२ साल साउन २ गते शुक्रबार (18 July, Friday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।–

## अदालतको फुकुवा पत्र नै किर्ते गरी जग्गा बिक्री

**टुडे समाचारदाता**

बारा । अदालतको लेटरप्याड, छाप र दस्तखत किर्ते गरी अदालतको नाममा किर्ते फुकुवा पत्र नै बनाएर जग्गा बिक्री गरेको आरोपमा संजित चौधरी पक्राउ परेका छन् ।

जितपुर सिमरा उपमहानगरपालिका-१ का मोति धामी थारुको छोरा संजित चौधरीलाई प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय बारामा अनुसन्धानका लागि ल्याइएको छ । उनले बारा जिल्ला अदालतको किर्ते छाप र हस्ताक्षर गरेर अदालतबाट नै फुकुवा पत्र किर्ते गरी जग्गा बिक्री गरेको खुलेको छ ।

बारा जिल्ला अदालतका श्रेस्तेदार लालबहादुर कार्कीले चौधरीले अदालतको लेटरप्याड, चलानी नम्बर, छाप र श्रेस्तेदारको दस्तखत स्क्यान गरी किर्ते फुकुवा पत्र तयार पारेका बताए । सो किर्ते पत्रको आधारमा बारा मालपोत कार्यालय सिमराबाट कि.नं. ५४३ को ०-७-० जग्गा फुकुवा गराई दिपेन्द्र कुमार गुप्तालाई बिक्री गरिएको थियो ।

सो जग्गा अदालतको आदेशअनुसार वादी पवन साहले प्रतिवादी चन्द्रिका धामीविरुद्धको लेनदेन मुद्दाका क्रममा रोक्का गराएका थिए। संजित चौधरीले वादीले साँवा-व्याज पाउन नपरोस् भन्ने नियतले किर्ते फुकुवा पत्र तयार गरेको स्वीकार गरेको अदालतले जनाएको छ ।

चौधरीले अदालतका पुराना फुकुवा पत्रमध्ये एकको प्रतिलिपि पाएर त्यसको आधारमा मिल्दोजुल्दो व्यहोरा टाइप गरी अदालतको लोगो, छाप र दस्तखत स्क्यान गरेर किर्ते पत्र तयार पारेको स्वीकारेका छन् । यद्यपि उक्त कार्यमा संलग्न रहेका बाबु मोति धामी थारुलाई भने हालसम्म प्रहरीले पक्राउ गरेको छैन ।

बाराका प्रहरी उपरीक्षक सन्तोष तामाङले चौधरीविरुद्ध सरकारी छाप, दस्तखत र कागजात किर्ते गरेको अभियोगमा अनुसन्धान अघि बढाइएको बताए । जिल्ला अदालतबाट स्पष्ट रूपमा फुकुवा नभएको जग्गा बाबु-छोराले मिलेर किर्ते गरी बिक्री गरिदिएको देखिए पनि हालसम्म चौधरी मात्रै पक्राउ परेका छन् ।

### प्रधानमन्त्री ओलीमाथि यादवको कटाक्ष

# समर्थन फिर्ता लगत्तै अक्रामक, अधिकारी हटाउन दबाब

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एमालेका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीलाई दिएको समर्थन फिर्ता लिएको २४ घण्टा नबित्दै जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले सरकारमाथि अक्रामक देखिएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमा आफ्नो प्रतिक्रिया जनाउँदै अध्यक्ष यादवले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीको विषयमा सरकार मौन रहेको आरोप लगाएका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई 'बा' सम्बोधन गर्दै सामाजिक सञ्जालमा सचिवालयमार्फत उनले भनेका छन् ,बालुवाटार र च्यासलको शिरमा राज रहुञ्जेल मन्त्री अधिकारीलाई जे गर्न पनि छुट छ ।

'ढुक्क हुनुस्, भूमिमन्त्री बलराम अधिकारीले राजीनामा दिनु पर्दैन' आफ्नो धारणा व्यक्त गर्दै यादवले भनेका छन्, बालुवाटार र च्यासलको शीरमा 'बा' को राज रहुञ्जेल उनका सगोत्री पार्टनरहरूलाई जे गर्न पनि छुट छ ।'

भूमि व्यवस्थामन्त्री अधिकारीको घुस लिएको अडियो सार्वजनिक भएपछि जसपा नेपालका अध्यक्षले बिहीबार आफ्नो सचिवालय मार्फत सामाजिक सञ्जालमा प्रतिक्रिया जनाएका छन् ।

अधिकारीको जस्तै हुबहु प्रकृतिको भ्रष्टाचार आरोपमा राजकुमार गुप्तालाई पदबाट राजीनामा दिन बाध्य पारिएको भन्दै मधेशी मूलको भएका कारणले त्यस्तो गरिएको यादवको आरोप छ ।

'सामान्य प्रशासन मन्त्री पदबाट भर्खरै राजीनामा दिएका राजकुमार गुप्ता मधेश मूलका थिए, र उनलाई राजीनामा दिन बाध्य पारियो,' यादवले अगाडि भनेका छन्, 'विचौलिया, कमिसनखोर र भ्रष्टाचारीहरूका संरक्षक शिरोमणि 'बा' का उनी सगोत्री भएको भए अझै ठूलो काण्ड गरेनी 'बा' को शिरमा विराजमान भइरहन्थे ।'



जसपा नेपालका अध्यक्ष यादवले भूमि व्यवस्थामन्त्री अधिकारीको अडियो लगायतका प्रमाणहरू छ्यापछ्याप्ती भएपछि 'बा' र अधिकारीका सगोत्री समुदाय मौन रहेको आरोप लगाएका छन् ।

'भूमि मन्त्री अधिकारी, गुप्ताजीकै केस र अडियो काण्डमा मुछिएका हुन्' उनले भनेका छन्, अडियो लगायतका प्रमाणहरू मिडियामा छ्यापछ्याप्ती छन् । तर, 'बा' र अधिकारीको सगोत्री समुदाय मौन छ ।'

'बलराम अधिकारीको ठाउँमा कुनै मधेशी, थारु, दलित वा जनजाति समुदायको व्यक्ति मन्त्री भएको भए यो केसमा 'बा' ले राजीनामाको फरमान जारी गर्न एकपल पनि खेर फाल्ने थिएनन् ' उनले भनेका छन् ।

मन्त्री गुप्ताले पनि अधिकारीको नाम कमिसन प्रकरणमा उल्लेख गरेका थिए । मन्त्री अधिकारीले त्यसको प्रतिक्रिया जनाउँदै घाउ भएको औंला नै झर्ने भनेका थिए । उनले गुप्ताप्रति लक्षित गर्दै त्यसो भनेको धेरैको बुझाइ थियो ।

सरकारले फास्ट ट्र्याकबाट भूमि सम्बन्धी विधेयक संसदबाट पारित गर्न खोजेको कारण विचौलिया, भूमाफिया लगायतलाई लाभ पुर्‍याउन रहेको आरोप लागिरहेको बेला भूमि व्यवस्था मन्त्री अधिकारी घुस प्रकरणमा मुछिएका छन् ।

हुन त उनले अडियोमा आफ्नो आवाज नभएको दाबी गरेका छन् । राजीनामा पनि नदिने बताउँदै सरकार पुनर्गठन हुने समय भएको खुलाएका छन् । मन्त्री अधिकारीले अडियोमा आफ्नो आवाज नभए पनि चरित्र हत्या गर्न सार्वजनिक गरिएको दाबी गरेका छन् । वर्षभरिको प्रगति सार्वजनिक गर्ने क्रममा बिहीबार उनले भने, मालपोत अधिकारीलाई फिर्ता बोलाउन भन्न आएकाहरुको माग पूरा नभएपछि चरित्र हत्या गर्न अडियो सार्वजनिक गरिएको छ।

राजकुमार गुप्तामाथि प्रश्न उठेकै बेला मन्त्री अधिकारीमाथि पनि संसदमा प्रश्न उठाइएको थियो । गुप्ताले नै अधिकारीको नाम खुलाएपछि संसदमा दुवै जनाको राजीनामा र कारबाहीको माग गरिएको थियो ।

तर प्रधानमन्त्री ओलीले गुप्तालाई बोलाएर राजीनामा लिए पनि अधिकारीसित राजीनामा माग नगरिएपछि जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले कटाक्ष गरेका छन् ।

कमिसन मागेको प्रमाण बाहिरिएपछि गुप्ता र अधिकारीमाथि सम्बन्धित निकायहरुले अनुसन्धान गर्नुपर्ने आवाज समेत उठेको छ । विगतमा पनि मन्त्रीहरुमाथि कमिसन र भ्रष्टाचारको आवाज उठेपछि राजीनामा दिएर चोखिएको बताइएको छ ।

अध्यक्ष यादवले सामाजिक सञ्जाल मार्फत कटाक्ष गरेपछि अधिकारीको अडियो प्रकरण झन् चर्चामा आएको छ । उनलाई हटाउनु पर्ने दबाब प्रधानमन्त्री ओलीमाथि बढेको छ । एमालेका कयौँ नेताहरुले गुप्ता प्रकरणसँगै अधिकारीलाई जोडेर सामाजिक सञ्जालमा प्रतिक्रिया जनाएका छन् ।






# पर्सामा ओभरहेड ट्याङ्की बेवारिसे, नयाँ डिप बोरिङ खन्नमै ध्यान !



वीरगञ्ज । पर्सा जिल्लामा सङ्घीय सरकार र प्रदेश सरकारले निर्माण गरेका ओभरहेड ट्याङ्की सञ्चालनमा नआउँदा पनि खानेपानीको दीर्घकालिन व्यवस्थापनमा थप जटिल हुँदै गएको छ । दुवै सरकारले ओभरहेड ट्याङ्की निर्माण गरेर सम्बन्धित निकायलाई हस्तान्तरण गरेपनि सम्बन्धित स्थानीय तह र उपभोक्ता समितिको बेवास्ताको कारणले पनि ओभरहेड ट्याङ्की बेवारिसे अवस्थामा रहेका छन् ।

खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बारा /पर्साका निमित्त डिभिजन प्रमुख किशोरीप्रसाद यादवले पर्सामा खानेपानीका दीर्घकालिन व्यवस्थापनको लागि निर्माण गरिएका ओभरहेड ट्याङ्की भने बेवारिसे अवस्थामा रहेको गुनासो गर्नुभयो ।"राज्यले करौडौ रुपैयाँ खर्चेर निर्माण गरेका ओभरहेड ट्याङ्की सञ्चालनमा नआउँदा पनि अहिले ठाउँ-ठाउँमा खानेपानीको समस्या देखिएको हो," उहाँले भन्नुभयो,"ओभरहेड ट्याङ्की उपभोक्ता समितिमार्फत सञ्चालन गर्नुपर्ने हुन्छ । यहाँका जनताले खानेपानी पैसा तिरेर खानको आनाकानी गर्दा पनि ओभरहेड ट्याङ्कीको प्रभावकारी कार्यान्वयन हुन नसकेको हो ।"

सङ्घीय तथा प्रदेश सरकारले पोखरिया,भिष्वा,भ्ङौवागुठी,अमरपट्टी,बहुअर्वा भाट्ठा,विन्दवासिनी लगायतका स्थानमा ओभरहेड ट्याङ्की भएपनि उचित ढंगले सञ्चालन र व्यवस्थापन हुन भने सकिरहेको छैन । निमित्त डिभिजन प्रमुख यादवले यहाँ खानेपानीको दीर्घकालिन व्यवस्थापनमा भन्दा पनि जथाभावि रुपमा डिप बोरिङ खन्नेमा मात्रै ध्यान दिँदा पनि खानेपानीको समस्या भ्ङनै जटिल बन्दै गएको गुनासो गर्नुभयो ।"ओभरहेड ट्याङ्कीमार्फत पानी प्रयोग गर्दा खानेपानीको महसुल तिर्नुपर्ने हुन्छ । त्यसैले पनि सर्वसाधारण चापाकलबाट आउने आर्सेनिक युक्त खानेपानी खान तयार हुने गरेका छन् ।"

नेपाल खानेपानी संस्थान शाखा कार्यालय वीरगञ्जका कार्यालय प्रमुख प्रविणकुमार साहले ओभरहेड ट्याङ्की सञ्चालनमा ल्याउन सकेको खण्डमा खानेपानीको दीर्घकालिन समाधान गर्नका लागि धेरै सहज हुने बताउनुभयो ।"यहाँका जनतामा खानेपानी पैसा तिरेर खानुपर्छ भन्ने संस्कारको विकास गर्न पनि जरुरी छ," उहाँले भन्नुभयो,"लाइनको पानी जडान गरेर खानुभन्दा चापाकलको पानी खानका लागि यहाँका जनता धेरै इच्छुक देखिन्नुहुन्छ । अहिले यहाँ पानीको चर्को संकटभएपनि मात्रै ओभरहेड ट्याङ्कीको कुरा आएको हो ।"

नेपाली कांग्रेस पर्साका कार्यवाहक अध्यक्ष रामनारायण कुर्मीले पछिल्लो समय वीरगञ्ज महानगरक्षेत्रमा जभाभावी ढंगले डिपबोरिङ खनिदैं आइरहेको गुनासो गर्नुभयो ।"अहिले खानेपानीको संकट भएको ठाउँमा डिप बोरिङ खन्नुपर्छ । तर, कति आवश्यकताको आधारमा वा पहुँचको आधारमा खन्निएको विषयमा पनि ध्यान दिन जरुरी भइसकेको छ ।"

उहाँले भन्नुभयो,"जनताले पनि खानेपानीको लाइन जडान गरेर पैसा तिरेर खाने बानीको पनि विकास गर्न जरुरत भइसकेको छ ।"

कार्यवाहक अध्यक्ष कुर्मीले डिपबोरिङ जनताको आवश्यकता र योजनाबद्ध ढंगले खन्नपनि सुझाव दिनुभयो । नेकपा एकीकृत समाजवादी पर्साका अध्यक्ष बालगोपाल थापाले पर्सामा संकटको बेला साढे दुई लाख लागतमा खनिने डिप बोरिङको लागत भ्ङण्डै दोब्बर मूल्य बढी भएकाले पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोग लगायतका सरोकारवाला निकायले थप अनुसन्धान गर्न अनुरोध गर्नुभयो । उहाँले भन्नुभयो, "संकटलाई कसैले पनि व्यक्तिगत फाइदा हुने काम नगर्नुस ।"रासस

> खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बारा /पर्साका निमित्त डिभिजन प्रमुख किशोरीप्रसाद यादवले पर्सामा खानेपानीका दीर्घकालिन व्यवस्थापनको लागि निर्माण गरिएका ओभरहेड ट्याङ्की भने बेवारिसे अवस्थामा रहेको गुनासो गर्नुभयो ।

# गत आवमा वीरगञ्जका दुवै भन्सार कार्यालयको राजस्व सङ्कलनमा वृद्धि




वीरगञ्ज । मुलुकको राजस्वको ढुकुटीमा सबैभन्दा बढी योगदान पुऱ्याउने वीरगञ्जस्थित वीरगञ्ज भन्सार कार्यालय र सुख्खा बन्दरगाह भन्सार कार्यालयले गत आर्थिक वर्षमा राजस्व सङ्कलनमा उल्लेखनीय वृद्धि गरेका छन् । वीरगञ्ज भन्सार कार्यालयले गत आर्थिक वर्ष २०८१/८२ भरिमा रु दुई खर्ब १८ अर्ब ९५ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेमा सो अवधिमा भने लक्ष्यको ८० दशमलव ३५ प्रतिशत अर्थात रु एक खर्ब ७५ अर्ब ९३ करोड राजस्व सङ्कलन गरेको छ ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले आव २०८०/८१ को तुलनामा आव २०८१/८२ मा कार्यालयले करिब साढे १८ अर्ब राजस्व सङ्कलन वृद्धि भएको जानकारी दिनुभयो । "कार्यालयले गत आर्थिक वर्षमा राजस्व सङ्कलनमा भने उल्लेखनीय मात्रामा वृद्धि भएको छ," उहाँले भन्नुभयो,"यहाँको राजस्व सङ्कलनको मुख्य हिस्सा भने पेट्रोलियम पदार्थ र सवारीसाधनको आयात नै हो ।"

वीरगञ्ज भन्सार कार्यालयले आव २०८०/८१ मा भने रु दुई खर्ब ४५ अर्ब ८८ लाख ५० हजार ८१ हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य पाएको थियो । सो अवधिमा कार्यालयले लक्ष्यको ६४ दशमलव एक प्रतिशत अर्थात् रु एक खर्ब ५७ अर्ब ४० करोड ३१ लाख २८ हजार रकम मात्रै राजस्व सङ्कलन गरेको थियो । वीरगञ्जकै अर्को सुख्खाबन्दरगाह भन्सार कार्यालयले पनि गत आर्थिक वर्षभरिमा रु ४९ अर्ब ८२ करोड राजस्व सङ्कलन गरेको छ । भन्सार विभागले कार्यालयलाई वर्षभरिमा रु ६० अर्ब चार करोड ८७ लाख ९७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो ।

भन्सार विभागले सुख्खाबन्दरगाह भन्सार कार्यालयलाई आव २०८०/८१ मा रु ६५ अर्ब ९४ करोड एक लाख २२ हजार रुपैयाँ रकम राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो । तर, कार्यालयले सो अवधिमा भने वार्षिक लक्ष्यको ७१ दशमलव ७५ प्रतिशत अर्थात् रु ४७ अर्ब ३१ करोड एक लाख ९० हजार रुपैयाँ रकम राजस्व सङ्कलन गरेको थियो

प्रमुख भन्सार प्रशासक लामिछानेले वीरगञ्जका दुवै भन्सार कार्यालयले गत आव भरिमा समग्रमा रु दुई खर्ब २५ अर्ब ९५ करोड राजस्व सङ्कलन गरेको जानकारी दिनुभयो । "मुलुकभरिमा कुल भन्सार राजस्व रु चार खर्ब ८४ अर्ब सङ्कलन भएको छ । जसमध्ये यहाँका दुई भन्सार कार्यालयको समष्टिगत हिस्सा भने ४६ प्रतिशत रहेको छ ।" उहाँले भन्नुभयो," दुवै भन्सार कार्यालयले समग्रमा अघिल्लो आवको तुलनामा गत आवमा मात्रै १४ प्रतिशत राजस्व सङ्कलनमा वृद्धि भएको छ ।"

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष माधव राजपालले अघिल्लो आवको तुलनामा गत आर्थिक वर्षमा अर्थतन्त्रमा केही सहजता हुँदा राजस्व सङ्कलनमा वृद्धि भएको बताउनुभयो ।"अर्थतन्त्रमा केही सुधारका सङ्केत देखापरेकाले पनि राजस्व सङ्कलनमा केही सुधार देखिएको छ," उहाँले भन्नुभयो,' 'नेपालको अर्थतन्त्र आयातमुखी भएकाले पनि युवा वर्ग विदेशतर्फ पलायन हुँदा खपतमा समस्या पनि यथावत् नै छ ।"

वरिष्ठ उपाध्यक्ष राजपालले नेपाल र भारतबीच १७ सय किलोमिटर खुला सीमानाका भएकाले पनि अनौपचारिक ढङ्गले आयात हुँदा पनि लक्ष्य भेट्टाउन कठिनभएको बताउनुभयो।"हाम्रोमा राजस्वमा लक्ष्य वास्तविकभन्दा पनि धेरै ठूलो राख्ने गरिन्छ । जसले गर्दा पनि सहजै लक्ष्य भेट्टाउन मुस्किल पर्ने गर्छ," उहाँले भन्नुभयो,"राज्यले लगानीमैत्री वातावरण गरेर मुलुकको अर्थतन्त्र सुधार गर्नेतर्फ ध्यान दिन जरुरी भइसकेको छ ।" वरिष्ठ उपाध्यक्ष राजपालले विगतको तुलनामा चालु आर्थिक वर्षमा आयात र निर्यात दुवैमा वृद्धि भएकाले पनि मुलुकको शिथिल भएको अर्थतन्त्रलाई चलायमान गराउनेतर्फ सबै निकायले हातेमालो गरेर अघि बढ्नुपर्ने बताउनुभयो ।

**सुक्खा बन्दरगाह वीरगञ्ज भन्सारमा गाभियो**

सिर्सियास्थित सुक्खा बन्दरगाह भन्सार कार्यालय आजदेखि वीरगञ्ज भन्सार कार्यालयमा गाभिएको छ । साथै एकीकृत कार्यालयबात सेवा प्रवाह पनि प्रारम्भ भएको छ ।

यसअघि वीरगञ्ज भन्सार कार्यालय मातहत एकीकृत जाँचचौकी थियो । त्यसैगरी सुक्खा बन्दरगाह भन्सार कार्यालय बेग्लै कार्यालयका रुपमा अस्तित्वमा थियो । एकीकृत जाँचचौकीमा मालवाहक सवारीसाधनबाट वैदेशिक व्यापारअन्तर्गतका वस्तु तथा सामान आयात-निर्यात गर्ने गरिन्छ ।

सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट यसअघि रेल्वे ऱ्याकबाट सामान आयात र निर्यात हुने गरेको थियो । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले सङ्घीय सरकारको निर्णयअनुसार सुक्खा बन्दरगाह भन्सार कार्यालय वीरगञ्ज भन्सार कार्यालयमा गाभिएको बताउनुभयो ।यसैबीच, सुक्खाबन्दरगाहभन्सारकार्यालयल गत आर्थिक वर्षभरिमा रु ४९ अर्ब ८२ करोड राजस्व सङ्कलन गरेको छ । रासस

# 'गायत्री परिवारको मूल आधार आत्मीयताको विस्तार हो'

**टुडे समाचारदाता**

रौतहट । गायत्री परिवार महिला मण्डल प्रमुख श्रीमती शैफाली पण्ड्याले , "आत्मीयताको विस्तार नै गायत्री परिवारको धुरी रहेको बताएकी छिन्। गायत्री परिवारका संस्थापक युगऋषि पण्डित श्रीराम शर्मा आचार्य र वन्दनीया माता भगवती देवी शर्माले सम्पूर्ण मानवजातिमा प्रेम, आत्मीयता र सद्भाव फैलाउने महान कार्य गर्नुभएको उनको भनाई रहेको छ ।

गायत्री तीर्थ शान्तिकुञ्जमा उत्तर प्रदेशका सक्रिय, समर्पित र कर्तव्यनिष्ठ बहिनीहरूका लागि आयोजित तीन दिने नारी जागरण संगोष्ठी शिविर बिहीवार सफलतापूर्वक सम्पन्न भएको छ। यस शिविरमा उत्तर प्रदेशका सबै जिल्लाबाट चयनित बहिनीहरूले सहभागिता जनाएका थिए। शिविर अवधिमा जोशपूर्वक मशाल यात्रा पनि निकालिएको थियो ।




शिविरका सहभागीहरूले संस्था अधिष्ठात्री श्रद्धेया शैलदीदीसँग भेट गरी आशिर्वाद तथा मार्गदर्शन प्राप्त गरे। आफ्नो सन्देशमा श्रद्धेया शैलदीदीले भनिन्, "नारी जागरण नै समाजको नैतिक र आध्यात्मिक पुनर्निर्माणको आधार हो । जब कुनै नारी शिक्षित, जागरूक र आत्मनिर्भर हुन्छिन्, तब उहाँ आफ्नो परिवार मात्र होइन, सम्पूर्ण समाजलाई मार्गदर्शन गर्न सक्षम हुन्छिन् । हामी सबैले युग निर्माणको यस महान योजनामा सक्रिय सहभागिता जनाउनु आवश्यक छ ।"

उनले गायत्री परिवार महिला मण्डल प्रमुख श्रीमती शैफाली पण्ड्याले भनिन्, "आत्मीयताको विस्तार नै गायत्री परिवारको धुरी हो । गायत्री परिवारका संस्थापक युगऋषि पं. श्रीराम शर्मा आचार्य र वन्दनीया माता भगवती देवी शर्माले सम्पूर्ण मानवजातिमा प्रेम, आत्मीयता र सद्भाव फैलाउने महान कार्य गर्नुभएको छ।" उहाँले थप भनिन्, "अब समयको माग हो कि हामी यस विचारधारालाई अगाडि बढाउँदै उत्तर प्रदेशका प्रत्येक जिल्लाका गाउँ-गाउँमा 'देव परिवार'को स्थापना गरौं । 'देव परिवार' त्यो हो, जहाँको वातावरण सौहार्द्रपूर्ण, संस्कारयुक्त र आपसी आत्मीयताले भरिएको हुन्छ ।" यसअघि युवा प्रकोष्ठ समन्वयक श्री केदार प्रसाद दुबेले नारी शक्तिलाई समाज निर्माणको आधारशिला बताउँदै भने, "यदि नारी सशक्त हुन्छिन् भने परिवार, समाज र राष्ट्र आफैं सशक्त बन्छ।" सुश्री दीनाबेन त्रिवेदीले गायत्री परिवारको नारी चेतनालाई एक जनआन्दोलनको रूपमा उल्लेख गर्दै भनिन्, "यो अभियान महिलाहरूलाई शिक्षित, आत्मनिर्भर र संस्कारित बनाउँदै नेतृत्वदायी भूमिकामा स्थापित गर्नका लागि क्रियाशील छ ।"

शिविरमा सहभागी बहिनीहरूलाई नारी जागरणको उद्देश्य र स्वरूप, देव परिवार निर्माण अभियान, रचनात्मक कार्यक्रमहरूमा महिलाहरूको सहभागिता, जन्मशताब्दी वर्ष र हाम्रो दायित्व लगायतका विषयमा व्याख्यान, समूह चर्चा तथा प्रशिक्षण दिइएको थियो ।

गायत्री परिवारका विषय विशेषज्ञहरूद्वारा सञ्चालित सत्रहरूमा बहिनीहरूलाई आ-आफ्नो क्षेत्रबाट जन्मशताब्दी कार्यक्रमहरू विस्तार गर्ने, नारी जागरण अभियान सञ्चालन गर्ने, स्वस्थ समाज निर्माणमा योगदान दिने तथा आध्यात्मिक मूल्यहरूसँगै सामाजिक नेतृत्व ग्रहण गर्नका लागि मार्गदर्शन प्रदान गरिएको थियो ।

# ठूलो परिमाणमा लागू औषधसहित दुई जना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहट जिल्लाको पूर्वीभेग राजदेवी नगरपालिका वडा नम्बर १ स्थित लक्ष्मीपुर टोलबाट लागू औषधसहित दुईजना युवक पक्राउ परेका छन् ।

विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय रौतहट अन्तर्गत लागूऔषध नियन्त्रण ब्यूरो शाखाको संयुक्त टोलीले बुधबार राती भारतीय नम्बर प्लेटको मोटरसाइकलमा सवार दुई जनालाई लागुऔषध सहित पक्राउ गरेको छ ।

प्रहरीले विआर ०५ यु ५८६० नम्बरको मोटरसाइकलमा सवार राजदेवी ८ का २३ वर्षीय नितेश कुमार पण्डित र ३२ वर्षीय निखिल कुमार यादवलाई चेकजाँचको क्रममा पक्राउ गरेको रौतहट प्रहरी प्रमुख एसपी नेत्र मणि गिरीले बताए ।

सो प्लाष्टिक झोलामा हालिएको विभिन्न ब्रान्डका लागूपदार्थ लिएर हिँडिरहेको अवस्थामा प्रहरीले फेला परेका छन् ।



उनीहरूको साथबाट नाईट्रो भेट (नाइट्राजेपाम,)१० एमजी १८ सय ट्याब्लेट नाइट्राजेपाम, ९०० हजार ट्याब्लेट,(सानो पत्ता) – ३० पत्तामा ३०० ट्याब्लेट, नशालु इन्जेक्सन डाईजिपाम ३०० एम्पुल,फेनेरगन ३०० एम्पुल, बुप्रेनर्फिन ३०० एम्पुल बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं डीएसपी दीपक कुमार रायले जानकारी दिएका छन् ।

रौतहट प्रहरीका अनुसार उनीहरूले ती लागूपदार्थहरू बिक्री गर्ने उद्देश्यले ल्याएका थिए। पक्राउ परेका दुवै जनामाथि लागूऔषध सम्बन्धी मुद्दामा अनुसन्धान शुरु गरिएको प्रवक्ता रायले जानकारी दिएका छन् ।


## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** व्यापार, नोकरी र सामाजिक क्षेत्रमा प्रगति हुनेछ । समय शुभ रहनेछ ।
**वृष :** खर्च बढ्ने सक्छ, नयाँ लगानी टार्नु उपयुक्त हुन्छ । समय औसत रहला ।
**मिथुन :** उत्साहमा कमी आउनेछ। अरुका लागि गरेको प्रयास निष्फल हुन सक्छ ।
**कर्कट :** समय लाभदायक रहनेछ । सानो प्रयासबाट पनि राम्रो उपलब्धि मिल्नेछ।
**सिंह :** दीर्घकालीन योजना र लगानीमा ध्यान दिन उपयुक्त छ ।
**कन्या :** दाम्पत्यसुखमिल्नेछ,आम्दानीबढ्नेछ।
**तुला :** धार्मिक कार्यमा संलग्न भइनेछ ।
**वृश्चिक :** आम्दानी बढ्नेछ, नयाँ कामको थालनीका लागि अनुकूल दिन हो ।
**धनु :** यात्राको सम्भावना रहन्छ, स्वास्थ्य संतोषजनक रहनेछ ।
**मकर :** पारिवारिक तनाव बढ्न सक्छ तर साथीभाईसंगको भेटघाट सुखद् रहनेछ।
**कुम्भ:** नोकरी वा पेशमा अधिकारीहरुबाट सम्मान पाइएला ।
**मीन :** समय र स्वास्थ्य अनुकूल रहनेछ । अध्ययन र व्यवसायमा प्रगति हुनेछ ।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |

| | |
|---|---|
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |



दाङको घोराही-१७ स्थित गुलेरियामा शिव पार्वती तथा राधाकृष्ण मन्दिर परिसरमा आयोजना हुने श्रावण धार्मिक महामहोत्सव तथा श्रृङ्गारिक महाआरतीको अवसरमा आज निकालिएको कलशयात्रामा सहभागी भक्तजन । सहिद स्मारक पार्क, सांस्कृतिक सङ्ग्रहालय र मन्दिर परिसरको स्तरोन्नतिको उद्देश्यसहित महोत्सव आयोजना गरिएको आयोजकले बताएको छ। *तस्बिरः रासस*

# 'औद्योगिक पूर्वाधार विकासमा सरकार साधक बन्नेछ'

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले आर्थिक उद्यमशीलता रहेका ठाउँमा रोजगारी सिर्जना हुने भएकाले औद्योगिक पूर्वाधार विकासमा सरकार केन्द्रित रहेको बताउनुभएको छ ।



औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको विहिबार आयोजित ३८औँ वार्षिकोत्सव समारोहमा उहाँले औद्योगिक पूर्वाधार विकासमा सरकार बाधक नबनी साधक बन्ने धारणा राख्नुभयो ।

उद्योग, वाणिज्य तथा आपूर्ति सचिव कृष्णबहादुर राउतले औद्योगिक क्षेत्रलाई सूचना प्रविधिसँग जोडेर विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले औद्योगिक क्षेत्रलाई आधुनिक प्रविधियुक्त, नविन तथा प्रतिस्पर्धी बनाउन निजी क्षेत्रसँग सहकार्य गर्नुपर्ने धारणा राख्नुभयो ।

बालाजु औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका अध्यक्ष बाबुराम पन्तले औद्योगिक प्रवर्द्धनका लागि निजी क्षेत्रसँग सहकार्य गर्दै आफूहरू अगाडि बढिरहेको उल्लेख गर्नुभयो ।

समारोहमा विभिन्न औद्योगिक क्षेत्रमा कार्यरत उत्कृष्ट कर्मचारी तथा सफल उद्योगलाई सम्मानसहित पुरस्कार प्रदान गरिएको थियो । देशभरका औद्योगिक क्षेत्रको एकीकृत व्यवस्थापन, समन्वय तथा प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित यस संस्थाले वार्षिकोत्सवको अवसरमा विविध कार्यक्रम आयोजना गरेको हो ।

सरकारले लिएको नीतिअनुरूप औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले उद्योगलाई सेवा दिने सक्रिय संयन्त्रका रूपमा आफ्नो भूमिका मजबुत बनाउँदै आएको छ ।रासस

# काठमाडौँमा बढ्यो डेङ्गीको जोखिम



काठमाण्डु । नियमित पानी परेकाले डेङ्गी सङ्क्रमणको जोखिम बढेको भन्दै काठमाडौँ महानगरपालिकाले सचेत रहन आग्रह गरेको छ ।

विगत एक महिनादेखि नियमितजसो पानी परिरहेकाले 'एडिज' जातिका पोथी लामखुट्टेको टोकाइबाट लाग्ने डेङ्गीको सङ्क्रमणको जोखिम पनि बढेको भन्दै सचेत रहन आग्रह गरिएको महानगरको महामारी रोग रोकथाम तथा नियन्त्रणका लागि स्रोत व्यक्ति ऋषि भुषालले जानकारी दिनुभयो । डेङ्गीबाट कोही सङ्क्रमित भएमा वडामा रहेको स्वास्थ्य प्रवर्द्धन केन्द्रमार्फत सिटामोल र जीवनजललगायत औषधि सहज उपलब्ध गराउन कामपाले सम्पूर्ण तयारी गरिसकेको पनि भुषालले जानकारी दिनुभयो ।

जल तथा मौसम विज्ञान विभागले यस वर्षको वर्षायाममा विगतका वर्षमा भन्दा बढी पानी पर्ने भनेपछि डेङ्गीको जोखिम झन बढ्ने महानगरले जनाएको छ । सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र क्लिनिकमा कार्यरत स्वास्थयकर्मी, स्वास्थ्य स्वयंसेविका, सरसफाइमा काम गर्ने सरसफाइकर्मीले आ-आफ्नो टोलटोलमा पानी जमेको स्थानको सरसफाइसमेत गरिरहेका छन् ।

डेङ्गी रोग नियन्त्रण गर्नका लागि सामुदायिक विद्यालयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ । महानगरका ३२ वटै वडामा रहेका सामुदायिक विद्यालयका कक्षा ८, ९ र १० का विद्यार्थीलाई लक्षित गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको हो । रासस

# पूर्वतयारी र चुस्त प्रतिकार्यमा ध्यान दिन राजनीतिक दलहरुको सुझाव

काठमाण्डु । सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलका विपद् व्यवस्थापन विभागका प्रमुख तथा सदस्यहरुले पूर्वतयारी र चुस्त प्रतिकार्यमा ध्यान दिन सुझाव दिनुभएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले मनसुन पूर्वतयारी तथा प्रतिकार्य, रसुवा हिमवाढी एवं समग्र विपद् व्यवस्थापनका सन्दर्भमा राजनीतिक दलहरुसँग विहिबार आयोजना गरेको अन्तरक्रियामा नेताहरुले विपद् जोखिम न्यून गर्न जागरण अभियान तथा स्वयंसेवकीय भूमिका निर्वाह गर्न आफ्ना पार्टीहरु तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो ।

नेपाली कांग्रेसका नेता एवं सांसद मोहन आचार्यले विपद् पश्चात नागरिकले सरकार छ भन्ने भरोसा खोज्ने भएकाले प्रतिकार्यलाई गम्भीरतापूर्वक लिएर तयारी गर्न सुझाव दिनुभयो । उहाँले विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय तहलाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो ।

नेकपा (एमाले) को विपद् व्यवस्थापन तथा स्वयंसेवा विभागका प्रमुख खिमलाल भट्टराईले रसुवा बाढीमा सरकार, प्राधिकरण र सुरक्षा निकायले राम्रो प्रतिकार्य गरेको उल्लेख गर्दै उद्धार जनशक्तिलाई तालिम एवं खोज तथा उद्धार सामग्रीको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

नेकपा (माओवादी केन्द्र) को विपद् व्यवस्थापन विभागका प्रमुख सूर्य सुवेदीले राजनीतिक पार्टीलाई विपद् व्यवस्थापनमा संलग्न गराउन सरकार र प्राधिकरणले पर्याप्त पहल गर्नुपर्ने औँल्याउँदै प्राधिकरणलाई प्रधानमन्त्री कार्यालय मातहत राखी साधनस्रोत र अधिकार सम्पन्न गर्नुपर्ने बताउनुभयो ।



राष्ट्रिय स्वतन्त्र पार्टीको र्‍यापिड एक्सन टोलीका प्रमुख साजन शर्माले विपद् पूर्वतयारी तथा व्यवस्थापनलाई नियमित तालिकाका रुपमा लिन सुझाव दिँदै सूचना प्रवाहलाई तीव्र बनाउन र आवश्यक सामग्रीको भण्डारका लागि राज्यले लगानी बढाउनुपर्ने बताउनुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टीका बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले विपद्मा जनताले राज्यको अभिभावकत्व खोज्ने भएकाले पूर्वतयारी महत्वपूर्ण भएको उल्लेख गर्नुभयो ।

नेकपा (एकीकृत समाजवादी) का नेता राजेन्द्रमान श्रेष्ठले सबै नागरिकले विपद्मा जोगिन तालिम लिने वातावरण बनाउन सुझाव दिँदै विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा नेपालमा हुने विपद्बाट जोगिने उपायसम्बन्धी विषयहरु राख्नुपर्ने बताउनुभयो ।

जनता समाजवादी पार्टी, नेपालका प्रवक्ता एवं मधेस प्रदेशसभाका सदस्य मनिषकुमार सुमनले मधेसमा सुक्खाका कारण अकालको अवस्था सिर्जना हुने खतरा बढेको उल्लेख गर्दै विपद्मा जनताले आफ्ना आफन्त र छिमेकीपछि राजनीतिक नेता-कार्यकर्तालाई खोज्ने गरेको अनुभव सुनाउनुभयो ।

> राष्ट्रिय स्वतन्त्र पार्टीको र्‍यापिड एक्सन टोलीका प्रमुख साजन शर्माले विपद् पूर्वतयारी तथा व्यवस्थापनलाई नियमित तालिकाका रुपमा लिन सुझाव दिँदै सूचना प्रवाहलाई तीव्र बनाउन र आवश्यक सामग्रीको भण्डारका लागि राज्यले लगानी बढाउनुपर्ने बताउनुभयो ।

नागरिक उन्मुक्ति पार्टीका सांसद लालवीर चौधरीले रसुवा बाढीमा बर्दियाका पाँच युवा बेपत्ता भएको जानकारी दिँदै सीमा क्षेत्रमा बनेका बाँधका कारण तराईमा डुबान हुने भएकाले समयमै बाँध खोल्न प्राधिकरणले पहल गर्नुपर्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवाल र राष्ट्रिय जनमोर्चाका महासचिव मनोज भट्टले विपद् व्यवस्थापनमा राज्यको विशेष जिम्मेवारी हुने भएकाले नीतिगत अवरोध फुकाउन सहयोग गर्न तत्पर रहेको बताउनुभयो । कार्यक्रममा सहभागी सबैजसो नेताले जोखिम हस्तान्तरणका लागि बिमा कार्यक्रमलाई अगाडि बढाउनुपर्ने प्राधिकरणको धारणामा समर्थन गर्दै बिमा दिगो समाधानको उपाय भएको बताउनुभयो ।

छलफल कार्यक्रममा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अध्यक्ष एवं प्राधिकरणका कार्यकारी प्रमुख इ दिनेश भट्टले मनसुन प्रतिकार्य प्राधिकरणको मुख्य प्राथमिकता रहेको जानकारी गराउँदै विपद्पश्चातको पुनर्निर्माण, नीतिगत तथा संरचनागत सुधार, पूर्वसूचना प्रणालीको विश्वसनीयता वृद्धि, विपद्को मूलप्रवाहीकरण, स्वयंसेवकको तालिमलगायतमा काम गरिरहेको बताउनुभयो ।

सहसचिव अर्जुनकुमार बमले रसुवा हिम-बाढीलगायत मनसुन सुरु भएपछिका मुख्य प्रतिकार्यहरु, विपद् पश्चातको पुनःनिर्माण एवं नीतिगत तथा संरचनागत सुधारमा राजनीतिक दलहरुबाट प्राधिकरणले गरेको अपेक्षालगायतका विषयमा प्रस्तुतीकरण गर्नुभयो । सहसचिव रोशनीकुमार श्रेष्ठले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो ।रासस

# जैविक विविधता अनुगमनका लागि क्यामेरा र जिपिएस उपकरण जडान

काठमाण्डु । कञ्चनजङ्घा संरक्षण क्षेत्रमा जैविक विविधता अनुगमन सुदृढ गर्न ट्रेल क्यामेरा र जिपिएस उपकरण जडान सुरु भएको छ । युनेस्कोको सहयोगमा कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन परिषद् (केसिएएमसी) र समृद्ध पहाडबीचको सहकार्यमा उक्त उपकरणहरू जडान सुरु गरिएको हो । युनेस्कोका अनुसार तापेथोक, हेलोक र लेलेप क्षेत्रमा साउन १ देखि ४ गतेसम्म यी प्रविधि जडान गरिनेछ ।

"उपकरण जैविक विविधता अनुगमनलाई थप वैज्ञानिक, भरपर्दो बनाउन प्रयोग गरिनेछ, स्थानीय आदिवासी ज्ञान र आधुनिक प्रविधिबीच समन्वय गर्दै पारिस्थितिकीय अनुगमनलाई दिगो बनाउने उद्देश्यसहित यो अभियान थालिएको हो", युनेस्कोद्वारा जारी प्रेस विज्ञप्तिमा भनिएको छ ।

उपकरण जडानअघि, असार २९ र ३० गते लेलेपमा दुईदिने क्षमता विकास तालिम सम्पन्न भएको थियो । तालिममा स्थानीयबासी, विद्यालयका विद्यार्थी, आदिवासी जनजाति प्रतिनिधि र सरोकारवालाहरूको उल्लेख्य सहभागिता थियो । तालिममा सहभागीहरूले वैज्ञानिक उपकरणको प्रयोग, सञ्चालन र जडानसम्बन्धी व्यावहारिक सीप आर्जन गरेका थिए । यस्ता गतिविधिले स्थानीय समुदायलाई वातावरण संरक्षणप्रति थप जिम्मेवार र सक्षम बनाउने अपेक्षा गरिएको छ ।



केसिएएमसीका अध्यक्ष खगेन्द्र फेम्बु लिम्बूले संरक्षणका प्रयासबारे जानकारी दिँदै जैविक विविधताको हटस्पट र सम्भावित संरक्षण क्षेत्रहरू पहिचान गर्ने योजनामा आफूहरू जुटेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी युनेस्को बायोस्फियर रिजर्भको मान्यता प्राप्त गर्ने दिशामा अघि बढिरहेका छौँ । त्यसका लागि स्थानीय जनचेतना अभिवृद्धि र वैज्ञानिक आधारमा संरक्षणको सशक्त अभ्यास हाम्रो प्राथमिकता हो ।"

तालिम अवधिमा सहभागीलाई बायोस्फियर रिजर्भको अवधारणा, उद्देश्य, मनोनयन प्रक्रिया र सम्भावित लाभबारे जानकारी दिइएको थियो । बायोस्फियर रिजर्भलाई जीवित प्रयोगशाला मानिन्छ, जहाँ संरक्षण, दिगो विकास र वैज्ञानिक अनुसन्धानलाई सँगसँगै अघि बढाइन्छ । यसले मानव र प्रकृतिबीच सन्तुलित सम्बन्ध निर्माण गर्न मद्दत गर्दछ ।

युनेस्को नेपाल राष्ट्रिय आयोगअन्तर्गत मानव तथा बायोस्फियरसमितिका सदस्य प्राडा हरिप्रसाद अर्यालले स्थानीय ज्ञान र वैज्ञानिक प्रविधिबीचको संयोजनले उच्च हिमाली क्षेत्रका पारिस्थितिक चुनौतीहरू समाधान गर्न मद्दत गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले स्थानीय संरक्षकहरूको ज्ञानलाई सम्मानपूर्वक सुन्न, सिक्न र व्यवहारमा उतार्नुपर्छ । उनीहरूको प्रकृतिप्रतिको प्रतिबद्धता संरक्षणको मेरुदण्ड हो ।"

यस अभियानले विश्वव्यापी कुनमिङ-मोन्ट्रियल जैविक विविधता फ्रेमवर्कका उद्देश्यहरूसँग पनि मेल खानेछ । उक्त फ्रेमवर्कले २०५० सम्ममा प्रकृतिसँग सन्तुलनमा आधारित जीवनयापनतर्फ विश्व समुदायलाई अग्रसर गराउने लक्ष्य राखेको छ ।

नेपालका लागि युनेस्कोका प्रतिनिधि याको दु तोईले कञ्चनजङ्घामा सञ्चालन भइरहेका प्रयासहरू केबल प्रकृति संरक्षणका लागि मात्र नभई स्थानीय समुदायको ज्ञान, जीवनशैली र दिगो जीविकोपार्जनमा आधारित रहेको बताउनुभयो । "हाम्रो कार्य र सहकार्य युनेस्कोको समग्र मिसनसँग गहिरो रूपमा मेल खान्छ", उहाँले भन्नुभयो ।

उहाँका अनुसार यो पहल कुनमिङ जैविक विविधता कोषको आर्थिक सहयोगमा सञ्चालन भइरहेको 'कञ्चनजङ्घा संरक्षण क्षेत्रमा जैविक विविधता संरक्षणका लागि सामुदायिक संलग्नता सुदृढ गर्ने' परियोजनाअन्तर्गत हो । परियोजनाले स्थानीय क्षमता अभिवृद्धि, ज्ञान आदानप्रदान र वैज्ञानिक उपकरणहरूसँग व्यावहारिक संलग्नतामार्फत कञ्चनजङ्घाजस्ता जैविक विविधताले भरिपूर्ण क्षेत्रमा सामुदायिक संरक्षण अभ्यासलाई बलियो बनाउने लक्ष्य लिएको छ ।

यो साझा प्रयासले कञ्चनजङ्घा क्षेत्रको अनन्य जैविक विविधता भविष्यका पुस्ताका लागि सुरक्षित गर्ने दिशामा थप बल पुर्‍याउने विश्वास लिइएको छ । आधुनिक प्रविधि र आदिवासी ज्ञानबीचको शक्तिशाली तालमेलमार्फत यो पहलले समुदाय-नेतृत्वमा आधारित संरक्षणका उत्कृष्ट अभ्यासका लागि नमुना प्रस्तुत गरेको युनेस्कोले जनाएको छ ।रासस


**श्री सरस्वती माध्यमिक विद्यालय, कटरैत**
**जनकपुरधाम उप-महानगरपालिका वार्ड नं.१७, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**शिक्षक आवश्यकता सम्बन्धी सूचना**


तेस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०४/०२

प्रस्तुत विषयमा मिति २०८२/०४/०१ गते बसेको श्री सरस्वती मा.वि. कटरैतको शिक्षण छनौट समितिको बैठकको निर्णय अनुसार मिति २०८२/०३/०८ गते मा.वि. तह अंग्रेजी विषयको लागि शिक्षण सहयोग अनुदान कोटामा पदपुर्तिका लागि दोश्रो पटक प्रकाशित विज्ञापन नं. ०८२१३४०२ मा आवश्यक उम्मेदवारको संख्या अपुग भएकोले उक्त विज्ञापनको म्याद ७ (सात) दिन थप गरिएको हुँदा इच्छुक यौगयता पुगेका नेपाली नागरिकले तोकिएको शर्त र कागजात सहित मिति २०८२/०४/०८ गते भित्र दरखास्त सहितको आवेदन आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विज्ञापन नं.:** ०८२१३४०२
**पद** : संघिय शिक्षण अनुदान कोटा मा.वि.तह
**विषय** : अंग्रजी
**पद संख्या**: १ (एक)
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
**परीक्षा दस्तुर** : रु.२०००।- को भाउचर
**शैक्षिक योग्यता** : अंग्रेजी विषयमा B.Ed वा सो सरहको परीक्षा उत्तीर्ण गरेको
**परीक्षाको किसिम** : लिखित, मौखिक र आवश्यकता अनुसार प्रयोगात्मक ।
**दरखास्त बुझाउने अन्तिम मिति** : २०८२/०४/०८
**सम्पर्क मिति** : २०८२/०४/०९
**परीक्षा हुने मिति र स्थान** : पछि निर्धारण गरिने छ ।
**दरखास्त दिने स्थान र समय** : श्री सरस्वती मा.वि. कटरैतको कार्यालयमा ६:०० देखि १२:०० वजे सम्म ।

**दरखास्तमा संलग्न गर्नु पर्ने कागजातहरू** :-
१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
३. सम्बन्धित तहको स्थायी अध्यापन आनुमति पत्रको प्रतिलिपी र दुई प्रति पास्पोर्ट साईजको फाटो ।
४. अनुभवका प्रमाणपत्रको प्रतिलिपी
५. रा. वा. बैंक, जनकपुर, हि.नं.- १२२०१००००२३८८००१
६. सम्पर्क नं. - ९८१२०५४३९६ (प्र.अ.) ९८०४८९२५५४ (अध्यक्ष)

**प्रधानाध्यापक**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# भूमि सम्बन्धी विधेयक रोक्नु पर्छ

संघीय सरकारले भूमि सम्बन्धी विधेयक प्रतिनिधि सभामा दर्ता गरेको छ । विगतमा सरकारले भूमि सम्बन्धी अध्यादेश ल्याएको थियो । तर विपक्षी दल र सत्तासीन नै केही दलहरुको कारण त्यो सफल भएन । प्रतिनिधि सभामा नै अध्यादेश पारित हुन नसकेर निष्क्रिय भएको थियो । भूमि सम्बन्धी अध्यादेश विफल भए पनि सरकारले त्यहीँ अध्यादेशलाई विधेयकको रुपमा प्रतिनिधि सभामा दर्ता गरेको छ । प्रतिनिधि सभामा दर्ता गरिएको भूमि विधेयक र अध्यादेशबाट ल्याइएको भूमि सम्बन्धी ऐनमा कुनै फरक नरहेको सांसदहरुको कथन छ । प्रधानमन्त्री केपी शर्मा ओलीले भूमि सम्बन्धी विधेयकलाई संसदबाट पारित गर्न मरिहत्ते गरेका छन् । जनता समाजवादी पार्टी(जसपा) नेपाललाई सरकारमा सहभागी गराएर भए पनि सरकारले भूमि सम्बन्धी विधेयक चालु अधिवेशनबाट नै पारित गर्न चाहेका थिए । भूमि सम्बन्धी विधेयक मात्र नभइ सरकारले कुनै पनि विधेयक प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट पारित गरे मात्र त्यो ऐन बन्छ ।सरकारसित प्रतिनिधि सभामा प्रयाप्त बहुमत छ ।तर राष्ट्रिय सभामा सरकार अल्पमतमा परेको छ । विधेयक पारित गर्न सरकारसित राष्ट्रिय सभामा बहुमत नरहेकाले जसपा नेपालको समर्थन खोजेको थियो । तर भूमि सम्बन्धी हालको विधेयक संसदबाट पारित भए तराई मधेशको अस्तित्व नै समाप्त हुनेछ । यहाँ पहाडबाट बसाईसराई भइ ठूलो संख्यामा मानिसहरु आउने छन् । जंगल, नदीनालाको उकास, शमसान, गौचर, डिल, पर्ती लगायतका सार्वजनिक, सरकारी जग्गाहरुमा बस्ती बसाइनेछ । त्यो बस्तीले तराई मधेशमा जनसंख्याको चाप थेगी नसक्ने गरी बढ्ने छ । वनजंगल मासिने छ । अहिले नै पिउने पानी र वर्षाको चरम संकटमा परेको तराई मधेशमा जनसंख्या वृद्धि भएपछि संकट झन् गहिरिने छ । त्यसलाई रोक्न जसपा नेपालले भूमि सम्बन्धी विधेयक फिर्ता लिन सरकारमाथि दबाब बनाएको छ । भूमि सम्बन्धी विधेयकलाई कुनै हालतमा सरकारले पारित गर्न चाहेको छ । तर तराई मधेश केन्द्रित दलहरुले मात्र नभइ नेपाली कांग्रेस समेतले भूमि सम्बन्धी विधेयकको विरोध गर्नुपर्छ । भूमि सम्बन्धी अध्यादेशको विरोधमा जसपा नेपाललाई लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपालले पनि साथ दिएको थियो । मधेशका सबै दलहरु एकजुट भएर भूमि सम्बन्धी अध्यादेशको विरोध गर्नुपर्छ । जसपा नेपालले राजनीतिक लाभको भन्दा दीर्घकालीन रुपमा तराई मधेशमा त्यो विधेयकले पार्न सक्ने खतरालाई मूल्यांकन गरी राष्ट्रिय सभाबाट पास गर्न नदिने उपायमा जुटेको छ । सरकारले पनि हठ गरी भूमि विधेयकलाई पास गराउन लाग्नु हुँदैन । जसपा नेपालले साथ दिन नसक्ने बताइसकेपछि अन्य मधेशी दलहरुले पनि सरकारलाई यो मुद्दामा साथ दिने छैन । विपक्षी दलहरु एकजुट भएर तराई मधेश मात्र नभइ सिंगो देशको विरोधमा रहेको भूमि सम्बन्धी विधेयकलाई रोक्नु पर्छ ।

# नेपाल–भारत सीमामा कट्टरपन्थी प्रयोगशालाको संकेत, दक्षिण भारतबाट करोडौंको फन्डिङ



अनिल तिवारी

नेपाल-भारत सीमा अहिले धार्मिक कट्टरपन्थी गतिविधिको बढ्दो चपेटामा छ ।ः विदेशी फन्डिङ, घुसपैठबाट डेमोग्राफिक असन्तुल बनाउने प्रयास भइरहेकाको कुरालाई नजरअन्दाज गर्न सकिदैन ।

यो सिमा क्षेत्रमा धार्मिक कट्टरपन्थ, अवैध धर्मान्तरण र सुनियोजित जनसंख्यात्मक परिवर्तनको गम्भीर एक पछि अर्का खुलासा भइरहेका छन ।

भारतीय आयकर विभागको प्रारम्भिक अनुसन्धानमा १५० करोड भारतीय रुपैयाँ बराबरको अवैध फन्डिङको सुराक फेला परेको छ, जसको प्रयोग सीमावर्ती क्षेत्रमा मस्जिद, मदरसा, मजार र धर्मान्तरणमा गरिएको देखिएको छ । यस फन्डिङको मुख्य स्रोत दक्षिण भारतका केही धार्मिक संस्था रहेको प्रमाण भेटिएको बताइन्छ ।

नेपाल-भारत खुला सीमालाई माध्यम बनाएर दक्षिण एसियाली धार्मिक कट्टरपन्थी जेहादीहरूद्धारा चलाइएका गम्भीर रणनीतिक खेल गम्भिर सुरक्षा चुनौतिका कुरा हुन ।

मस्जिद-मदरसाको आडमा धार्मिक विस्तार, जनसांख्यिक पुनर्संरचना, घुसपैठले दुबै मुलुकको लागी ठुलो सुरक्षा चुनौती सिर्जना गरेको छ ।

भारत सरकारको आयकर विभाग र गुप्तचर निकायहरूले सार्वजनिक गरेका पछिल्ला विवरण र छानबिनले यो सीमावर्ती भूगोललाई 'कट्टरपन्थी प्रयोगशाला'मा परिणत गर्ने विदेशी डिजाइनको भन्डाफोर गरेको छ ।

यता सिमामा गुणात्मक रुपमा बढेका मस्जिद मदर्शाको संख्या र मधेस आन्दोलन पछि नागरिकता बितरणमा लागु गरिएको सहजताले विदेशी जेहादी घुसपैठलाई ठुलो अवसर प्रदान गरेको शंकाव्यक्त गर्न थालिएको छ ।जसले तराईमा ठुलो धार्मिक असन्तुलन निम्त्याएको आरोप लागन थालेको छ ।

आयकर विभागको गोप्य रिपोर्ट अनुसार, भारतको दक्षिणी राज्य तमिलनाडुबाट युपिआइ र नगद मार्फत करिब एक सय ५० करोडको रकम सीमावर्ती मुस्लिम खातामा स्थानान्तरण गरिएको छ । यसको प्रयोग मस्जिद, मदरसा, मजार निर्माण र अवैध धर्मान्तरणमा गरिएको भारतीय संचार माध्यमहरुले खुलासा गरेका छन । एउटा खातामा मात्रै ␣१२ करोड तमिलनाडु स्थित एक इस्लामिक संस्थाबाट आएको छ ।

रिपोर्ट अनुसार सिमावार्ती भारतीय शहरहरु बलरामपुर, बहराइच, श्रावस्ती, सिद्धार्थनगर, लखीमपुर, महराजगञ्ज, पीलीभीत लगायतका जिल्लाहरूमा यस्ता गतिविधिहरू निकै तीव्र छन् ।

भारत सरकारले आतंकवादविरुद्ध थालेको ' अपरेशन सिन्दूर'पछि सीमामा गस्ती, स्क्यानिङ र चेकपोष्टको निगरानी बढाइएको छ । तर नेपाली पक्षबाट भने त्योस्तरको सतर्कता देखिएको छैन । वीरगञ्ज-रक्सौलको मैत्री पुल क्षेत्रमा भारतीय सुरक्षा बल (एसएसबी)ले बिगत एक महिनामा बङ्गलादेशी नागरिक सैयद इकबाल अहमद लगायत आधादर्जन बिदेशी नागरिकलाई भारतमा घुस्पैठ गरिरहेको अवस्थामा पक्राउ गरेको छ । तर नेपाल तर्फ खासै मतलब देखिदैन ।

सामाजिक सेवा, अनाथालय वा धार्मिक शिक्षालयको आवरणमा खोलिएका संरचनाहरू अहिले रणनीतिक र वैचारिक जेहादी अभियान सञ्जालका केन्द्र बन्दै गइरहेका छन् । सीमामा हिन्दू मन्दिर भन्दा मस्जिद र मदरसाको संख्या धेरै हुनुले धार्मिक असन्तुलन मात्र होइन, सामुदायिक तनावको बीउ रोप्ने खतरा पनि बढेको छ ।

सुरक्षा दृष्टिकोणले सीमा क्षेत्रमा यस्ता धार्मिक संरचना राष्ट्रहितमा भन्दा राष्ट्रविरोधी शक्तिको उपकरण बन्दै गइरहेका कुरालाई नकार्न सकिदैन ।

नेपालको चुप्पी र भारतको चनाखो रणनीति

भारतले सीमामा शंकास्पद गतिविधि बढदै गएपछि व्यापक रूपमा कारबाही सुरु गरेको छ । २०२५ को पहिलो छमाहीमा मात्र उत्तर प्रदेश सरकारले सयौं अवैध मदरसा-मस्जिद ध्वस्त पारेको छ । छांगुर पीरजस्ता व्यक्तिको खातामा करोडौं रकम भेटिएको छ ।

तर नेपालमा भने विदेशी फन्डिङ र कट्टरपन्थी विस्तार सम्बन्धी विषयमा सरकारको ध्यान पुग्नै सकेको छैन । नेपाल तर्फ सिमामा रहेका जनपथ र सशस्त्रका चेकपोष्टहरूमा सतर्कता कमजोर छ । आप्रवासन कार्यालय पासपोर्टमा छाप लगाउने ' औपचारिक काम'मा सीमित छ ।

भारत विरोधी मोर्चालाई बलदिन पाकिस्तान र चीनको नेपालमा अदभुत सक्रियता रहेको आरोप लागने गरेको छ । यता टर्कीले पनि मानवीय सहायता र धार्मिक सेवाको नाममा वैचारिक जेहादी आधार तयार गर्न थालेको देखिन्छ । सुरक्षा विश्लेषकहरू भन्छन्, "यो रणनीति केवल सुरक्षा होइन, दीर्घकालीन कूटनीतिक असन्तुलनको तयारी हो ।"

अन्तर्राष्ट्रिय चासो र लगानीका साथ धर्म परिवर्तन (धर्मान्तरण) गर्न खोजिएको गम्भीर खुलासा भएको छ । भारतमा पक्राउ परेका "छागुर बाबा" नामक व्यक्तिको फन्डिङ नेटवर्कमार्फत नेपालमा पनि सुनियोजित ढंगले धर्मान्तरणको अभियान संचालन भइरहेको तथ्य उजागर भएको हो ।

"छागुर बाबा" उर्फ अब्दुल हमीदले भारतको उत्तर प्रदेशको बहराइच जिल्लाबाट सञ्चालन गर्दै आएको यो नेटवर्क नेपालसँग पनि सशक्त रूपमा जोडिएको देखिएको छ । भारतमा अनुसन्धान गरिरहेका अधिकारीहरूका अनुसार छांगुर बाबाले इस्लाम धर्मको प्रचारप्रसारको नाममा करोडौं रुपैयाँ विदेशी मुलुकहरू – विशेषगरी खाडी देशहरू, टर्की र युरोपबाट फन्डिङ लिँदै आएका थिए ।

यी पैसाको प्रयोग भारतमा मात्र नभई नेपालमा पनि गरिएको र नेपाल-भारत सीमावर्ती जिल्लाहरूमा मदरसा, मस्जिद र धार्मिक गतिविधिहरू बढाउने कार्यमा प्रयोग भएका छन ।

नेपालमा विदेशी लगानी मार्फत धर्मान्तरण

नेपालको सर्लाही, पर्सा, बारा, रौतहटजस्ता जिल्लाहरूमा भारतको बिहार उत्तर प्रदेशबाट जेहादी नेटवर्कहरू प्रभाव फैलाउँदै गएका छन् । भारतमा पक्राउ परेका बाबाले भारतीय सुरक्षा एजेन्स समक्ष दिएका बयानमा नेपालका "सहयोगी संस्थाहरू" तथा "सक्रिय व्यक्तिहरू" को नाम लिएको बताइन्छ ।

छांगुर बाबाको "नेपाल इस्लामिक सेन्टर", "नेपाल इस्लामिक काउन्सिल", र "नेपाल कनभर्सन नेटवर्क" नामक संस्थासँग गहिरो सम्बन्ध रहेको बताएको छ । जसको माध्यमबाट नेपालमा हिन्दू र बौद्ध धर्म मान्ने गरिब युवाहरुलाई इस्लाममा धर्मान्तरण गराउने प्रयास भइरहेको छ ।

नेपालमा मदरसा तथा मस्जिद विस्तारका नाममा लाखौं रुपैयाँको लगानी भइरहेको र केही मदरसाहरूबाट विदेशमा तालिम लिएर आएका व्यक्ति नेपालमा धार्मिक प्रचारमा सक्रिय रहेका छन ।

यस प्रकारको नेटवर्कले नेपालमा धार्मिक चरमपन्थ (राडिकलाइजेशन) र सामाजिक अस्थिरता निम्त्याउन निश्चित छ ।सीमा क्षेत्रमा दिनानुदिन बढ्दो मदरसा-मस्जिद निर्माण, विदेशी गैरसरकारी संस्थाहरूको संलग्नता, र सरकारी नियमनको अभावले नेपाललाई गम्भीर संकट तर्फ डोर्याउने सुनिश्चित छ ।



नेपालको संविधानले धर्म परिवर्तनमा रोक लगाएको भए पनि व्यवहारमा यस्तो गतिविधिमा संलग्न संगठन र व्यक्तिहरूले खुलमखुला काम गरिरहेका छन् । यस्तो अवस्थामा जेहादीहरु प्रति सरकारको मौनताको मुख्य कारण फोटोलिप्सा बुझ्न सकिन्छ ।

नेपाल धर्मनिरपेक्ष राष्ट्र हो, तर धर्मान्तरणको राजनीतिक र वैदेशिक उद्देश्यले गरिने प्रयासहरू संविधान, संस्कृति र सामाजिक सद्भावको उल्लङ्घन हो । फन्डिङ ट्रेलले नेपालमा पनि यस्ता गतिविधिहरूको पुष्टि गरिसकेको अवस्थामा सरकार र सरोकारवालाहरूको कर्तव्य झनै जिम्मेवार बन्नु पर्ने हो ,तर यस्तो देखिएको छैन ?

नेपाल-भारत सीमा केवल सामाजिक सम्बन्धको सेतु भए पनि बिदेसीहरुको चहलखेलले, यो क्षेत्र धार्मिक कट्टरपन्थ, अवैध कारोबार, वैदेशिक प्रभाव र सुरक्षाको संवेदनशील मोर्चा बन्दै गएको आरोप पनि छन ।

यदि नेपाल सरकारले समयमै कानुनी, प्रशासनिक र कूटनीतिक संयन्त्र मार्फत नियन्त्रण गरेन भने, यो समस्या चाँडै दुवै देशका लागि राष्ट्रिय संकटमा बदलिन सक्छ ।

नेपाल-भारत खुला सिमाना शताब्दीयौंदेखि सामाजिक, सांस्कृतिक र आर्थिक आदानप्रदानको सशक्त आधार बनेको ऐतिहासिक तथ्य हो । तर पछिल्लो समयमा धार्मिक कट्टरपन्थ, अवैध धर्मान्तरण र जनसांख्यिक असन्तुलनको अखडा बन्दै गएको तथ्यहरू सरकारी अनुसन्धान निकायहरूको रिपोर्ट र भारतीय सञ्चारमाध्यमहरूमा व्यापक रुपले उजागर भइरहेका छन ।

तराईका सिमावर्ती गाउँगाउँमा हिन्दू बहुल जनसंख्या क्रमशः घट्दै गएको र मुस्लिम जनसंख्या तेज गतिमा बढ्दै गएको देखिएको छ । नेपालमा २० वर्षअघिसम्म ४.५% रहेको मुस्लिम जनसंख्या अहिले ९% नाघिसकेको छ र आगामी २० वर्षमा यो संख्या अझ बढ्ने प्रक्षेपण गरिएको छ ।

धर्मको नाममा भइरहेको यस्ता रणनीतिक गतिविधिहरूले केवल सीमा सुरक्षामै असर पुऱ्याउने होइन ।नेपाल-भारतको कूटनीतिक सम्बन्धमा पनि दीर्घकालीन खलल पुऱ्याउने संकेत देखिन थालेका छन् ।

पाकिस्तान र चीनको भारतविरोधी मोर्चालाई बल पुऱ्याउने गरी नेपालको तराई क्षेत्रलाई सफ्ट इनफिल्ट्रेशन जोनको रूपमा प्रयोग गर्ने रणनीति अगाडि बढाएको हो, भन्ने चिन्ता देखिन थालेको छ ।

हाल देखिएको यो चुनौती केवल भारत वा नेपालको एकदेशीय विषय मात्र नभई दुवै देशको साझा सुरक्षा र सामाजिक स्थायित्वको विषय पनि हो । यसका लागि हामि सजग हुनु पर्छ ।ः

नेपाल सरकारले सीमा क्षेत्रमा विदेशी फन्डिङ र धार्मिक संस्था सञ्चालनमा कडाइ गर्नुपर्ने आवश्यकताका साथै भारत-नेपाल सुरक्षा साझेदारी अझ सशक्त र पारदर्शी हुन जरुरी छ ।दुवै देशको गुप्तचर संयन्त्रबीच नियमित सूचनाको आदानप्रदान र संयुक्त अनुगमन जस्ता कुराको पनि आवश्यकता औल्लयाउन थालिएको छ ।

यसका साथै स्थानीय समुदायमा धार्मिक सहिष्णुता र सामाजिक ऐक्यबद्धता कायम राख्न सचेतना कार्यक्रम पनि उत्तिकै महत्वपूर्ण छन् ।

# लोकतन्त्र र मानव अधिकारप्रति अमेरिकाको दोहोरो नीति



श्रीमननारायण

संयुक्त राज्य अमेरिकाले आफूलाई पूरै विश्वमा ' लोकतन्त्रको प्रहरी' तथा 'मानव अधिकारको रक्षक' बताउँदै आएको छ तर आज जब हामी क्यालफोर्नियाका सडकहरूमा ध्यान केन्द्रित गर्छौं तब अमेरिकाको यो दाबी आधारहीन साबित हुन्छ ।

लस एन्जलस, स्यान्डियागो र अन्य सहरहरूमा जुन दृश्य देखापरिरहेका छन्, त्यसमा त लोकतन्त्रको बेग्लै तस्बिर भएको पाइन्छ । आप्रवासीका विरुद्धमा जारी यस दमनचक्रको विरोधमा भइरहेका प्रदर्शन अब अमेरिकाका एक दर्जनभन्दा बढी प्रदेशका दुई दर्जनभन्दा पनि बढी सहरहरूमा फैलिएका छन् । स्यानफ्रान्सिस्को, डलास, अस्टिन, टेक्सास र न्युयोर्कजस्ता सहरहरूमा प्रदर्शन चरममा पुगेको छ । यस प्रदर्शनमा सामाजिक असमानता र मानव अधिकारहरूको हननका विरुद्धमा एउटा सामूहिक आवाज हेर्न सकिन्छ, जसमा न्याय र परिवर्तनको माग भइरहेका छन् ।

प्रदर्शनकारी आप्रवासी दोहोरो पीडाबाट ग्रसित छन् । आफ्नो स्वदेशको त्रासदीपूर्ण एवं दुःखद अवस्थाबाट भागेर सुरक्षाका लागि र अपेक्षाकृत राम्रो जीवनको खोजीमा उनीहरु अमेरिका आएका हुन्छन् तर उनीहरूले अमेरिकामा कानुनी असुरक्षा, प्रशासनिक कठोरता र सामाजिक भेदभावको सामना गर्नुपर्ने हुन्छ । लस एन्जलसका गल्लीहरूमा उनीहरूले 'स्वतन्त्रता'का लागि आवाज उठाइरहेका छन् । सरकारको दमनात्मक रबैयाले उनीहरूको आन्दोलनलाई कुल्चिदिने प्रत्येक सम्भव प्रयास गरिरहेको छ । वर्तमान अवस्थामा यो समयकै माग हो कि मानवताका पक्षधरहरूले आप्रवासीहरूको पक्षमा ऐक्यबद्धता देखाउनुपर्छ, न कि दमनकारीको पक्षमा चुपचाप सरकारी नीतिको समर्थन गर्नुपर्छ ।

लस एन्जलस, क्यालिफोर्नियासहित अमेरिकी अन्य सहरहरूमा जुन आप्रवासीहरू अत्याचार र दमनको सामना गरिरहेका छन्, तिनका बारेमा केही जान्नु पनि आवश्यक छ । पहिलो पंक्तिमा मुख्य रूपमा मेक्सिको, ग्वाटेमाला, होन्डुरस, एलसाल्भाडोर र ल्याटिन अमेरिकी प्रवासी छन्, जो निरन्तरको गरिबी, हिंसा र भ्रष्ट शासन प्रणालीबाट ज्यान जोगाई अमेरिकामा शरण लिन आउँछन् । यस्ता व्यक्तिहरूलाई पटकपटक अवैध आप्रवासी भनेर निसाना पनि बनाउने गरिन्छ । आईसीई (इमिग्रेसन एन्ड कस्टमस इन्फोर्समेन्ट)द्वारा बिनावारेन्ट छापामारी, गिरफ्तारी र बलजफ्ती निर्वासनजस्ता पाइला पनि यिनीहरूमाथि नै चाल्ने गरिन्छ ।

दोस्रो पंक्तिमा एसियाली मूलका खासगरी फिलिपिन्स, भियतनाम र चीनजस्ता देशका प्रवासी छन् । यिनीहरूमध्ये केही मानिस वैद्य भिसामा आएका हुन्छन् तर आप्रवासन नियमका जटिल जालमा अल्झेर 'आनेभरस्टे' (अन इन्डोर्समेन्ट) गर्नेहरूको सूचीमा परिहाल्छन् । ट्रम्प युगका नीतिहरूले यिनीहरूलाई गम्भीर रूपमा प्रभावित पारेको छ । यिनीहरूसित रङका आधारमा पनि भेदभाव हुन्छ र प्रहरीहरूले पनि अपेक्षाकृत बढी नै कठोर व्यवहार गर्छन् ।

आफ्नो स्वदेशको त्रासदीपूर्ण एवं दुःखद अवस्थाबाट भागेर सुरक्षाका लागि र अपेक्षाकृत राम्रो जीवनको खोजीमा उनीहरु अमेरिका आएका हुन्छन् तर उनीहरूले अमेरिकामा कानुनी असुरक्षा, प्रशासनिक कठोरता र सामाजिक भेदभावको सामना गर्नुपर्ने हुन्छ ।

तेस्रो पंक्तिमा इरिट्रिया, सुडान, इथियोपियाजस्ता अफ्रिकी देशबाट आएका शरणार्थी हुन्छन् । यी व्यक्ति अफ्रिकामा जारी युद्ध, राजनीतिक अस्थिरता र मानव अधिकारबाट बच्न अमेरिकामा शरण माग्ने गर्छन् तर यिनका भिसा आवेदनलाई वर्षौंसम्म थन्क्याएर राख्ने गरिन्छ र पछि गएर यिनीहरूलाई 'डिटेन्सन सेन्टर्स'मा बन्द गरिन्छन् ।

चौथो पंक्तिमा इरान, सिरिया, यमन, अफगानिस्तानजस्ता मुस्लिम देशबाट आउने प्रवासी छन् । यिनीहरूलाई ट्रम्प प्रशासनले 'मुस्लिम ब्यान' नीति अन्तर्गत अपेक्षाकृत बढी ध्यान केन्द्रित गर्छ । आपराधिक गतिविधिमा सामेल होलान् कि भन्ने शंका गर्ने गरिन्छ । यिनीहरूलाई शंकाकै नजरले हेर्ने गरिन्छ र बढी नै सामाजिक र प्रशासनिक भेदभावको सामना गर्नुपर्ने हुन्छ ।

चौथो पंक्तिमा उभिएका आप्रवासी अनधिकृत श्रमिक र न्यून आय भएका छन् । जो प्रवासी निर्माण सफाइ, होटल वा कृषिजस्ता क्षेत्रमा परिश्रम गर्छन् । उनीहरूलाई सधैँ नै श्रम कानुनबाट वञ्चित गरिन्छ साथै आईसीईको छापामारीको मुख्य सिकार पनि यिनै व्यक्तिहरू हुने गर्छन् । कोभिड-१९ पछि यिनीहरूको अवस्था झन् बढी दयनीय हुन गएको छ ।

सन् २०२० मा जर्ज फ्लायडको हत्यापश्चात् सुरु भएको 'ब्ल्याक लाइभ्स म्याटर' आन्दोलनमा क्यालिफोर्नियामा मात्रै दश हजारभन्दा पनि बढी आन्दोलनकारीलाई पक्राउ गरिएको थियो । शान्तिपूर्ण तरिकाले विरोध प्रदर्शन गरिरहेका यी प्रदर्शनकारीमाथि प्रहरीले आँसु ग्यास, रबडको गोली प्रयोग गरेको थियो । रिपोर्टका अनुसार त्यतिबेला लस एन्जलसमा २० भन्दा बढी व्यक्तिको ज्यान गएको थियो भने सयौँ व्यक्ति घाइते भएका थिए । सन् २०२४ र २०२५ मा पनि अब आप्रवासीका अधिकार, पुलिस सुधार र रङ्गभेदी न्यायका लागि आन्दोलन भएका छन् । फेरि पनि त्यही अवस्थाको पुनरावृत्ति भएको छ, अर्थात् सत्ताको डरलाग्दो प्रदर्शन र विरोधका स्वरलाई दबाउने काम भएको छ ।

डोनाल्ड ट्रम्पको 'जिरो टलरेन्स' नीतिका कारण सन् २०१८ मा २,६०० बच्चाहरूलाई तिनका आमा-बुवाबाट अलग गरी 'डिटेन्सन सेन्टर'मा राखिएको थियो । ह्युमन राइटस वाच, युएन एचसीआर र युनिसेफजस्ता संस्थाहरूले उक्त 'डिटेन्सन सेन्टर'लाई अमावनीय भनेको थियो । आईसीईद्वारा वर्ष २०१९ मा एक लाख ४० हजारभन्दा बढी आप्रवासीलाई पक्राउ गरिएको थियो, जसमध्ये ७० प्रतिशतका विरुद्धमा कुनै पनि किसिमको आपराधिक कसुर नै थिएन । क्लालिफोर्नियामा २७ प्रतिशत आप्रवासी मूलका मानिस छन्, त्यहाँ विनाकुनै वारेन्ट घरभित्र प्रवेश गरेर छापामारीका घटना हुनु लोकतान्त्रिक अधिकारीको खुला उल्लंघन हो । क्यालिफोर्नियाका गभर्नर ग्याभिन न्युसम र लस एन्जेलसका मेयरले जब यसको विरोधमा केही बोल्न थाले, अनि केन्द्र सरकारले कुराकानी गर्नुको सट्टा सैन्य बलको मार्गलाई रोज्यो । एक हजारभन्दा बढी नेसनल गार्ड र सैन्य बललाई तैनाथ गरियो, तिनको उपस्थिति मात्रले नै भयको माहोल बनाउने काम गर्छ ।

एउटा लोकतान्त्रिक राज्यमा सैन्य तानाशाहीको झलक शोभायमान हुँदैन । ट्रम्पको केन्द्रीय सत्ताले त क्यालिफोर्नियाका गर्भनरको गिरफ्तारीको कुरा यस कारण गर्न थाल्यो कि गर्भनर राज्यको कानुनी व्यवस्थामा केन्द्रीय सत्ताको अनावश्यक हस्तक्षेपको उनले विरोध गरेका थिए । यसका निम्ति न्यायपालिकासम्म जाने धम्की पनि केन्द्र सरकारलाई दिएका थिए ।

अमेरिकाले युक्रेन, चीन, इरान, नेपाल अथवा भारतजस्ता देशमा मानव अधिकारको विषयलाई चर्को रूपमा उठाउने गर्छ तर आफ्नो देशभित्र हुने गरेका घटनामा अपेक्षाकृत नरमी देखिएको हुन्छ । न्युयोर्क टाइम्स, वासिंगटन पोस्ट र सीएनएनजस्ता सञ्चारमाध्यमले कहिलेकाहीँ आलोचना गरे पनि समग्र रूपमा एउटा संगठित सत्यलाई सामुन्ने ल्याउँदैनन् । संयुक्त राष्ट्र संघले विश्वको प्रत्येक कुनामा मानव अधिकारको कुरा गर्छ तर अमेरिकाको सवालमा सधैँ मौन बसेको हुन्छ । यस्ता खाले दोहोरो मापदण्डले न्याय प्रणालीको विश्वसनीयतामाथि प्रश्नचिह्न खडा गर्दछ ।

अतः अब एउटा यस्तो समय आएको छ, जसमा अमेरिकाले पनि ऐनामा हेरेर आफ्नो भनाइ र गराइबिचको अन्तरलाई बुझ्नु र यसको समीक्षा गर्नु आवश्यक भएको छ । पूरै विश्वमा लोकतन्त्र र मानव अधिकारको कुरा गर्नेले आफ्नो देशभित्रको अवस्थालाई हेर्न आवश्यक छ । क्यालिफोर्नियाका घटनाले अमेरिकी लोकतन्त्रको कमजोरीलाई नै उजागर गर्छ । आफ्नै जनताको विरोधलाई सुन्न नसक्ने देश लोकतन्त्रको पाठ अरुलाई कसरी पढाउन सक्छ । मानवता कुनै सिमाना र मर्यादाको मुखापेक्षी हुँदैन । क्यालिफोर्नियाका घटनाको पक्षमा लोकतन्त्र समर्थकको आवाज आउनुपर्छ ।रातोपाटी

अमेरिकाले युक्रेन, चीन, इरान, नेपाल अथवा भारतजस्ता देशमा मानव अधिकारको विषयलाई चर्को रुपमा उठाउने गर्छ तर आफ्नो देशभित्र हुने गरेका घटनामा अपेक्षाकृत नरमी देखिएको हुन्छ । न्युयोर्क टाइम्स, वासिंगटन पोस्ट र सीएनएनजस्ता सञ्चारमाध्यमले कहिलेकाहीँ आलोचना गरे पनि समग्र रुपमा एउटा संगठित सत्यलाई सामुन्ने ल्याउँदैनन् । संयुक्त राष्ट्र संघले विश्वको प्रत्येक कुनामा मानव अधिकारको कुरा गर्छ तर अमेरिकाको सवालमा सधैँ मौन बसेको हुन्छ । यस्ता खाले दोहोरो मापदण्डले न्याय प्रणालीको विश्वसनीयतामाथि प्रश्नचिह्न खडा गर्दछ ।

# देशभित्रका समस्या समाधान गर्न कांग्रेसले ध्यान दिनुपर्छः महामन्त्री थापा




पाटन । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले देशभित्रका समग्र समस्याको समाधानका विषयमा कांग्रेसले ध्यान दिनुपर्ने बताउनुभएको छ ।

नेपाली कांग्रेसको आर्थिक नीति तथा योजना विभागद्वारा

> कांग्रेस केन्द्रीय सदस्य चीनकाजी श्रेष्ठले नीति राम्रो बनाएर पनि कार्यान्वयन पक्ष फितलो हुँदा समस्या हुने उल्लेख गर्दै तुलनात्मक लाभ हासिल गर्ने र रोजगारी सृजना गर्ने कुरामा ध्यान दिनुपर्ने बताउनुभयो ।

पार्टीको केन्द्रीय कार्यालय सानेपामा आयोजित ‘कांग्रेसको युवा केन्द्रित आर्थिक नीति तथा योजना’ विषयक संवाद गोष्ठीलाई सम्बोधन गर्दै महामन्त्री थापाले हरेक छलफलको टिपोट गरी स्थानीय सरकारसम्म कार्यान्वयनका लागि जोड दिने बताउनुभयो ।

“युवालाई प्रविधिमार्फत समस्याको समाधान गर्दै उत्पादन, उद्यमशीलता र रोजगारी सृजना गर्नेतर्फ जोड्नुपर्छ, नागरिकका समस्याको बारेमा नेपाली कांग्रेसको पार्टी कार्यालयमा छलफल हुने गरेको छ, यसलाई कार्यान्वयन र नतिजासँग जोड्नुपर्छ, सरकारमा गइसकेपछि के गर्ने हो, के गर्ने हैन भन्ने विषयमा हुने छलफल महत्वपूर्ण हुन्छ”, उहाँले भन्नुभयो ।

महामन्त्री थापाले छलफलबाट प्राप्त हुने नीतिगत ज्ञानको कार्यान्वयनबाट नतिजा ल्याउनुपर्छ भन्नेमा जोड दिनुभयो । “नीतिगत सम्भावनाले उजागर गर्ने विषयमा धेरै बहस भएको छ, कृषि क्षेत्रका विषयमा विस्तारै फरक तरिकाले बहस सृजना गर्दै जानुपर्ने छ, प्रदेश र स्थानीय तहमा धेरै ठाउँमा हाम्रो नेतृत्व छ, प्रत्येक स्थानीय तहमा आफ्नो क्षेत्रभित्र रोजगारी सृजना गर्ने, उद्यमशीलता विकास गर्ने नीति हुनुपर्छ”, उहाँले भन्नुभयो ।

महामन्त्री थापाले कांग्रेसले विरोधको राजनीतिमा भन्दा उत्पादन, रोजगारी, उद्यमशीलता र सम्भावनाको क्षेत्रमा ध्यान दिँदै छलफल बहसमार्फत समृद्धिको राजनीतिमा ध्यान दिनुपर्छ भन्नुभयो । उहाँले बजार अनुकुलको शिक्षा र ज्ञान अभिवृद्धिमा ध्यान दिनुपर्नेमा जोड दिँदै नयाँ पुस्तामा समस्या सृजना गर्नेभन्दा समाधान गर्नसक्ने ज्ञान र सीपको विकास गर्नुपर्ने बताउनुभयो ।

कांग्रेस कोषाध्यक्ष उमेश श्रेष्ठले मुलुकको आवश्यकता र विश्वव्यापी परिवर्तनअनुसार जनशक्ति तयार गर्न शिक्षामा आमूल परिवर्तन ल्याउनुपर्ने भन्दै पुरानो शिक्षा नीतिले समस्या ल्याएको बताउनुभयो । उहाँले सातै प्रदेशमा रोजगारीको सृजना गर्नेगरी औद्योगिक विकास गर्दै नेपालको सम्भावनाअनुसार नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्ने बताउनुभयो ।

कांग्रेस केन्द्रीय सदस्य चीनकाजी श्रेष्ठले नीति राम्रो बनाएर पनि कार्यान्वयन पक्ष फितलो हुँदा समस्या हुने उल्लेख गर्दै तुलनात्मक लाभ हासिल गर्ने र रोजगारी सृजना गर्ने कुरामा ध्यान दिनुपर्ने बताउनुभयो ।

कांग्रेस केन्द्रीय सदस्य उदयशम्शेर राणाले भारत तथा चीनसँग प्रतिस्पर्धा गर्न सक्ने गरी सूचना प्रविधि र कृषि क्षेत्रमा युवाहरूलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले किसानले उत्पादन गरेको सामग्रीलाई खेर जान नदिने गरी बजार व्यवस्थापन गर्न ध्यान दिनुपर्ने बताउनुभयो । कांग्रेसको आर्थिक नीति तथा योजना विभाग प्रमुख प्रा डा गोविन्दराज पोखरेलले युवा केन्द्रित आर्थिक नीतिका बारेमा धारणा राख्नुहुँदै राज्य अभिभावक बनेर सम्भावना र अवसरलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिनुभयो ।

स्वतन्त्र उद्यमीहरुको संस्था उद्यमशील कांग्रेसका अध्यक्ष अस्मिन सिटौलाले उद्यमीका मुद्दा सबैको भएकाले राजनीतिक मुद्दामा उद्यमशीलताका कुरा समेटिनुपर्नेमा जोड दिनुभयो । ‘प्रदेश तथा स्थानीय तहको बजेटमा युवाको स्थान’ विषयमा आफ्नो धारणा राख्दै अर्थशास्त्री एवं सुशासन विज्ञ डा प्रकाश छत्कुलीले युवा लक्षित योजनालाई आवधिक योजना र वार्षिक बजेटमा समावेश गर्दै सुरक्षाको प्रत्याभूति दिएर जवाफदेही हुनेगरी लैजानुपर्नेमा जोड दिनुभयो ।

नेपालमा युवाको क्षमता विकास र रोजगारी विषयमा धारणा राख्दै विभागका सदस्य विनयकुमार कुसियतले युवालाई प्रविधिसँग जोडेर शिक्षा, ज्ञान, क्षमता विकास र रोजगारीमा जोड्दै आर्थिक सशक्तीकरणका साथै उद्यमशीलतातर्फ ध्यान दिन सुझाव दिनुभयो ।रासस

# उद्योगमन्त्री भण्डारीका एक वर्षः उद्योग व्यवसायको क्षेत्रमा उत्साह



काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीको एक वर्षे कार्यकालमा उद्योग तथा व्यवसायको क्षेत्रमा उत्साह देखिएको छ ।

उद्योग मन्त्रालयले एक वर्षका अवधिमा भए गरेका कामको विवरण सार्वजनिक गरेर उत्साहमूलक रहेको जनाएको छ । उहाँले पद सम्हालेपछि उद्योग तथा व्यवसायका क्षेत्रमा गर्नुपर्ने नीतिगत सुधारदेखि आवश्यक कानुन निर्माण र संशोधन गरिएको सो प्रगति विवरणमा उल्लेख छ ।

यस्तै यस अवधिमा भारत, चीन र कोरियाको औपचारिक भ्रमणका क्रममा समकक्षी तथा निजी क्षेत्रका उद्योगी व्यवसायीसँग नेपालमा लगानी वातावरण निर्माणका सन्दर्भमा ठोसरुपमा समझदारी तथा सम्झौता उहाँले गर्नुभएको स्वकीय सचिव आनन्द भट्टले बताउनुभयो ।

उहाँका अनुसार यसै अवधिमा उहाँले नेपालमा लगानी भित्र्याउने सन्दर्भमा अमेरिका, बेलायत, युरोपियन युनियन, जापान, बङ्गलादेश लगायतका देशका नेपालस्थित कुटनीतिक नियोगका प्रतिनिधिसँग पनि नेपालमा लगानी भित्र्याउने सन्दर्भमा विभिन्न चरणमा पहलसमेत थाल्नुभएको छ । साथै मन्त्री भण्डारीले नेपालको नीजि क्षेत्रकै सल्लाह तथा सुझावअनुसार उद्योग व्यवसायमैत्री नीति तथा कानुन निर्माणमा महत्वपूर्ण पहल थाल्नुभएको थियो ।

## उद्योग क्षेत्रतर्फ

मन्त्रालयको सुधार कार्य योजना, २०८१ तयार गरी कार्यान्वयनमा ल्याइएको, उद्योग दर्ताको सङ्ख्या ७०० रहेका छन् । ती मध्ये ठूला ६८ तथा मझौला ५४ र साना उद्योगको सङ्ख्या ५७८ रहेको छ ।

यस्तै नविनतम् ज्ञान, प्राविधिक सीप र क्षमता भएका इच्छुक उद्यमीलाई स्टार्टअप उद्यममा सहभागी हुन उत्प्रेरित गर्दै तथा मुलुकभित्रै रोजगार तथा स्वरोजगार प्रवर्द्धन गर्न राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८० र स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१ स्वीकृत भई कार्यान्वयनमा आएको छ ।

उद्योग विभागमा कूल पूँजी रु ५० करोडसम्मको वैदेशिक लगानी स्वचालित मार्गबाट स्वीकृत हुने व्यवस्था कार्यान्वयनमा आएसँगै यस अवधिमा स्वीकृति सङ्ख्या ४५१ रहेको र लगानी रकम रु चार अर्ब ६१ करोड प्राप्त भएको उद्योग मन्त्रालयले जनाएको छ । यस्तै घरेलु मदिरा उत्पादन अनुमति तथा ब्राण्डिङ्ग सम्बन्धी मापदण्ड, २०८१ स्वीकृत भई उद्योग विभागबाट उक्त कार्य प्रारम्भ भएको छ ।

दैलेखको जलजलेमा पेट्रोलियम पदार्थ अन्वेषण (ड्रिलिङ) कार्य चार हजार मिटर लक्ष्य राखेकामा चार हजार १३ मि ड्रिलिङ कार्य सम्पन्न भएको र ११२ अर्ब घनमिटर मिथेनको बाहुल्यताको प्राकृतिक ग्यास रहेको प्रारम्भिक अनुमानसहितको प्रतिवेदन प्राप्त भएको सो विवरणमा उल्लेख छ । साथै छिट्टै उत्खननको काम सुरुआतको पहल गरिने जनाइएको छ ।

## औद्योगिक पहुँच सडक/विद्युत् प्रसारण लाइन

यसैगरी धौवादी फलाम कम्पनीको खानीसम्मको पहुँचमार्ग निर्माण भएको तथा बर्दघाट-सर्दी १३२ केभी (होङ्सी सिमेन्ट), सुनवल १३२ र ३३ केभी (पाल्पा सिमेन्ट), कपुरकोट (रोल्पा सिमेन्ट), मातातिर्थ-माल्टा (लक्ष्मी सिमेन्ट), तुल्सीपुर-दुघराक्ष (सोनापुर सिमेन्ट) मातातीर्थ-नौवीसे (युनाईटेड सिमेन्ट), रिद्धिसिद्धि सिमेन्ट, जगदम्बा सिमेन्ट र सर्वोत्तम सिमेन्टसम्म विद्युत् प्रसारण लाइन निर्माण गर्ने कार्य सम्पन्न हुने चरणमा रहेको जनाइएको छ ।

यस्तै पाँचखाल विशेष आर्थिक क्षेत्र र सिमरा विशेष आर्थिक क्षेत्रको ब्लक द्य र ऋलाई सार्वजनिक निजी साझेदारी मोडलमा सञ्चालन गर्ने प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भई कार्यान्वयनमा रहेको समेत जनाइएको छ ।

मन्त्रालयको विशेष प्राथमिकतामा रहेको ‘मेक इन नेपाल र मेड इन नेपाल’ अभियानमा निजी क्षेत्रसँग सहकार्य भएको र विभिन्न १९ औद्योगिक पहुँच सडकका लागि रु २० करोड ७६ लाख रकम निकासा भई कार्य भएको विवरणमा उल्लेख छ । साथै हालसम्म जम्मा १२० स्थानीय तहमा औद्योगिक ग्राम घोषणा भएकामा चार औद्योगिक ग्राम अछामको मेल्लेख, गुल्मीको मदाने, तनहुँको आबुखैरेनी तथा स्याङ्जाको अर्जुनचौपारीमा सञ्चालनमा आएका छन् ।

यस्तै दैजी औद्योगिक क्षेत्रका रुख कटानका लागि पुनः अध्ययन गर्न अध्ययन टोली गठन भई स्थलगत जाँचबुझ र समग्र पक्ष अध्ययन भई हाल फिल्ड अनुगमनको कार्य सम्पन्न भएको तथा मोतीपुर औद्योगिक क्षेत्रमा रहेको विवादरहित जग्गाको जग्गा नापजाँच र डिमार्केसन गर्ने कार्य सम्पन्न भई सो क्षेत्र भित्रको विवादरहित जग्गा छुट्याउने कार्यका लागि सरोकारवाला निकायसँग समन्वय गर्ने कार्य सुरु भएको जनाइएको छ ।

नौबस्ता औद्योगिक क्षेत्रमा विवादरहित जग्गामा सडक निर्माण एवं सिमाङ्कन गर्ने कार्य अघि बढेको, मयुरधाप औद्योगिक क्षेत्रको वातावरणीय अध्ययन प्रतिवेदनका सम्बन्धमा थप अध्ययन गर्न अध्ययन टोली गठन भई अध्ययन भइरहेको, शक्तिखोर औद्योगिक क्षेत्रको रुख छपान र नम्बरिङ्ग कार्यको लागत अनुमान स्वीकृतिका लागि प्रक्रियामा रहेको विवरणमा उल्लेख छ ।

## स्टार्ट अप तथा नवप्रवर्द्धन

आव २०८०/८१ को अन्तसम्म १६५ परियोजनाले स्टार्टअप उद्यम कर्जा प्राप्त गरेको, आव २०८१/८२ मा पाँच हजार १५८ आवेदन प्राप्त भएकामा प्रारम्भिक छनोट एक हजार ३१४ स्टार्टअप फर्मको छनोट गरी अन्तिम मूल्याङ्कन पश्चात ६६१ स्टार्टअप फर्म छनोट गरी कर्जा उपलब्ध गराइरहेको र असार मसान्तसम्म ५८९ स्टार्टअप फर्मले कर्जा प्राप्त गरिसकेको विवरणमा जनाइएको छ ।

हरेक प्रदेशमा औद्योगिक क्षेत्र स्थापना गर्ने नीतिअनुसार २०८२ असार मसान्तसम्म झापाको दमक, हेटौंडाको मयुरधाप तथा चितवनको शक्तिखोर, रुपन्देहीको मोतिपुर, दाङको लक्ष्मीपुर तथा बाँकेको नौबस्ता र कञ्चनपुरको दैजी गरी सात औद्योगिक क्षेत्र घोषणा भई प्रारम्भिक कार्य अगाडि बढेको जनाइएको छ ।

यस्तै दमक औद्योगिक क्षेत्रलाई सार्वजनिक निजी साझेदारी मोडेल (एएए) को अवधारणा बमोजिम निर्माण एवम् सञ्चालन गर्न जग्गा लिजमा दिने प्रक्रियाको लागि पिडिआइए गर्न लगानी बोर्डलाई अनुरोध गरिएको उल्लेख छ । साथै मन्त्रालयले विभिन्न कानुत तथा नीति पनि पारित गरेको छ ।

प्रगति विवरणअनुसार भैरहवा विशेष आर्थिक क्षेत्रमा करिब रु चार अर्ब २० करोडको लगानीमा ११ वटा उद्योग सञ्चालनमा रही दुई हजार १९ व्यक्तिले रोजगारी प्राप्त गर्ने प्रक्षेपण गरिएको र चालू आर्थिक वर्षको असार मसान्तसम्म रु दुई अर्ब लगानीमा थप सात उद्योग सञ्चालन गर्न अनुमति दिइएको तथा उद्योग सञ्चालनबाट ९०० जना थप रोजगारी सिर्जना हुने अनुमान गरिएको छ ।

यस्तै सिमरा विशेष आर्थिक क्षेत्रमा करिब रु ११ अर्ब ४० करोडको लगानीमा पाँच वटा उद्योग सञ्चालनमा रही पाँच हजार ६०० व्यक्तिले रोजगारी प्राप्त गर्ने प्रक्षेपण गरिएको छ । पाँचखाल विशेष आर्थिक क्षेत्रमा हालसम्म प्रशासनिक भवन निर्माण भई रुख कटानका लागि लगत अनुमान तयार भएको र सार्वजनिक निजी साझेदारीमा पाँचखाल सेजको विकास गर्नका लागि लगानी बोर्डबाट मूल्याङ्कन भइरहेको जनाइएको छ ।

यसैगरी सुनको गुणस्तर मापन यन्त्र खरिद गरी ल्याब सञ्चालन भएको, नेपाल प्रत्यायन केन्द्रको स्थापना भएको, भारत सरकारले नेपालबाट निर्यात हुने नौ प्रकारका वस्तुमा भारतको गुणस्तर प्रमाणपत्र प्राप्त गरी निर्यात भैरहेको, नेपाल प्रत्यायन नियमावलीको मस्यौदा तयार भई स्वीकृत हुने चरणमा रहेको र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्यदलमा पूर्वसहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको जनाइएको छ ।

चालू आर्थिक वर्षमा ४१ वटा नेपाल गुणस्तर मापदण्ड स्वीकृत भएकार यस अवधिमा ४५ वस्तुलाई नेपाल गुणस्तर प्रमाण चिन्ह प्रदान गरिएको विवरणमा उल्लेख छ ।

## वाणिज्य तथा आपूर्ति क्षेत्र

यस अवधिमा विकासशील राष्ट्रमा सहज स्तरोन्तीका लागि वाणिज्य क्षेत्रको रणनीतिक योजना, २०८१ तर्जुमा एवं स्वीकृत भई कार्यान्वयनमा रहेको र नेपाल-भारत वाणिज्य सचिव स्तरिय अन्तरसरकारी समितिको बैठक काठमाडौंमा सम्पन्न भई नेपाली उद्योगीले भारतमा निर्यात गर्दा भोग्नु परेका समस्या व्यापार तथा पारवहनसँग सम्बोधन गर्नुपर्ने विषयमा छलफल भएको छ ।

यस्तै नेपाल र गणतन्त्र कोरियाबीचः व्यापार तथा लगानी प्रवर्द्धन सम्बन्धी रुपरेखा स्थापना गर्ने सम्बन्धी मा हस्ताक्षर भएको, नेपाल र अमेरिकाबीच व्यापार तथा लगानी रुपरेखा सम्झौतामा वाणिज्य सचिव स्तरीय बैठक सम्पन्न भई जसमा नेपाली वस्तुको अमेरिकामा निर्यात अभिवृद्धिसम्बन्धी छलफल र निर्णय भएको, नेपालका वाणिज्य सचिव तथा चीनको तिब्बत सरकारका उपप्रमुख स्तरीय सीमा व्यापार र सहयोग सम्बन्धी नेपाल-चीन समन्वय संयन्त्रको दोस्रो बैठक सम्पन्न भएको छ ।

मन्त्रालयका अनुसार नेपाल र चीनबिचः व्यापार प्रवर्द्धन सहयोग सम्बन्धी समझदारीपत्रको हस्ताक्षरमा हस्ताक्षर भएको, टिबिएस र एसपीएस सम्बन्धी राष्ट्रिय कार्यशाला/ट्रिप्स सम्झौता र समसामयिक नीतिगत मुद्दाहरूमा राष्ट्रिय कार्यशाला सम्बन्धी बैठक विश्व व्यापार सङ्गठनसँगको सहकार्यमा आयोजना गरिएको छ ।

## निर्यात अभिवृद्धि

पश्मिना, कफी, चिया लगायतका वस्तुमा मूल्य शृङ्खला विकास गर्ने, प्रविधि हस्तान्तरण गर्ने र ब्रान्डिङ लगायतका कार्य भइरहेको, थप पाँच निर्यातमूलक वस्तु तथा सेवाको मूल्य शृङ्खला विकास सम्बन्धमा अध्ययन कार्य भइरहेको, निर्यात अभिवृद्धिका लागि निर्यातमा नगद अनुदान, सिमेन्ट लगायतका उत्पादनमूलक उद्योगमा पहुँच सडक तथा प्रसारण लाइन निर्माणको कार्य भइरहेको जनाइएको छ ।

चोभार सुक्खा बन्दरगाह निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको, चोभार, विराटनगर, काँकडभिट्टा, वीरगञ्ज र तातोपानीमा एकीकृत जाँचचौकी सञ्चालनमा रहेका छन् । नेपालगञ्जमा एकीकृत जाँचचौकी निर्माण कार्य सम्पन्न भई सञ्चालन, व्यवस्थापन, नियमन र अनुगमन गर्नुका साथै थप सम्भावित भन्सार नाकामा सुक्खा बन्दरगाह तथा एकीकृत जाँचचौकी निर्माणका लागि अध्ययन र अनुसन्धान कार्य हुँदै आएको मन्त्रालयले उल्लेख गरेको छ । साथै कञ्चनपुरको दोधारा चाँदनीमा नेपाल सरकारलेरुख कटानको काम सम्पन्न गरेपछि भारत सरकारले सुक्खा बन्दरगाह निर्माणको प्रक्रिया सुरु गरिसकेको छ ।

यस्तै भैरहवा एकीकृत जाँचचौकीको निर्माण कार्य करिब ७६ प्रतिशत सम्पन्न भएको, रसुवा सुक्खा बन्दरगाहको निर्माण कार्य ८२ प्रतिशत सम्पन्न भएको, बिजनेश इक्यूबेशन सेन्टर सञ्चालन सम्बन्धी कार्यविधी, २०८१ र व्यावसायिक सामाजिक जिम्मेवारी सम्बन्धी कार्यविधी, २०८२ जारी भई कार्यान्वयनमा ल्याइएको विवरणमा उल्लेख छ ।

## आपूर्ति क्षेत्र

नेपाल आयल निगम र भारतीय आयल निगम लिबीच २०८१ असोजमा बिटूबी सम्झौता सम्पन्न भई भारतको सिलिगुढीदेखि झापाको चारआलीसम्म पाइपलाइन निर्माण तथा ग्रीनफिल्ड टर्मिनल निर्माण र बाराको अम्लेखगञ्जदेखि चितवनको लोथरसम्म पाइपलाइन विस्तार तथा लोथरमा ग्रीनफिल्ड टर्मिनल निर्माण कार्य निर्माण भइरहेको मन्त्रालयले जनाएको छ ।

सरकारले तोकेका २२ दुर्गम जिल्लामध्ये १७ जिल्लाका ६१ स्थानमा आर्थिक वर्ष २०८०/८१ मा ८४ हजार २३४ दशमलव ९० क्विन्टल आयोडिनयुक्त नुन ढुवानी भएकामा आव २०८१/८२ को हालसम्म ६१ हजार ९९१ क्वीन्टल आयोडिनयुक्त नुन ढुवानी भएको छ ।

मन्त्रालयका अनुसार आव २०८१/८२ साउनदेखि हालसम्म विभिन्न जिल्लाका ६३ स्थानका बिक्री कक्षबाट सुपथ मूल्य पसल सञ्चालन गरिएको, एजेन्सी (संशोधन र एकीकरण) नियमहरू, २०१९ संशोधनका लागि मस्यौदा तयार भई राय/सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको, चाडपर्वमा खाद्यान्न तथा चिनी लगायतका वस्तुको सरल र नियमित आपूर्ति व्यवस्था मिलाइएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले विमानस्थलको उत्तर-पश्चिमतर्फ उपलब्ध गराएको स्थानमा डिपो स्थानान्तरण गर्न नेपाल आयल निगम लिमिटेड र इन्जिनियरिङ अध्ययन संस्थानबीच विस्तृत अध्ययन प्रतिवेद तयार गर्ने सम्बन्धमा सम्झौता सम्पन्न भएको छ ।

धान र गहुँको न्यूनतम समर्थन मूल्य तोक्न नियमित रूपमा मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेश गरिएको तथा समयमै मूल्य तोकिएको, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड मार्फत स्थानीय तहमा खरिद बिक्री केन्द्र स्थापना गर्न सम्झौता भई केही स्थानीय तहमा बिक्री केन्द्र सञ्चालनमा आएको, चिनी, चामल, तेल, अण्डा, पानी लगायतका अत्यावश्यक वस्तुको सहज आपूर्ति, मूल्य र गुणस्तर नियमन, अनुगमन लगायतका विषयमा सरोकारवालासँग निरन्तर संवाद, अन्तरक्रिया र अनुगमन गरिएको प्रगति विवरणमा उल्लेख छ । यस्तै मन्त्रालयले हालै उपभोक्ता हित संरक्षणका लागि उपभोक्ता अदालतसमेत स्थापना गरेको छ ।रासस

# दोषी देखिए जस्तोसुकै सजाय भोग्न तयार छुः मन्त्री अधिकारी

काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले पोखरास्थित विवादित जग्गा प्रकरणसम्बन्धी ‘अडियो रेकर्ड’ आफ्नो चरित्र हत्या गर्ने उद्देश्यले सार्वजनिक गरिएको बताउनुभएको छ ।

वार्षिक उपलब्धिसम्बन्धी जानकारी दिने उद्देश्यले मन्त्रालयमा विहिबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा उहाँले केही दिनदेखि आफ्नो र परिवारका सदस्यकोसमेत नाम जोडी सुनियोजित ढङ्गबाट ‘अडियो रेकर्ड’ सार्वजनिक भएकामा आपत्ति व्यक्त गर्नुभयो ।




भूमिसुधारमन्त्री अधिकारीले आवश्यक ऐन, नियम, कानुनसहित कार्यसंयन्त्र निर्माण गरी देश र जनताका पक्षमा राम्रो काम गरिरहेको मन्त्रीका विषयमा यस किसिमको अफवाह फैलाएर चरित्र हत्या गर्ने प्रयास भइरहेको उल्लेख गर्दै सो ‘अडियो रेकर्ड’का विषयमा यथार्थ छानबिन होस् भन्ने पक्षमा आफू रहेको स्पष्ट गर्नुभयो ।


आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेपछिको एक वर्षको अवधिमा भूमि व्यवस्था, सहकारी र गरिबी निवारणका क्षेत्रमा धेरै राम्रा काम दाबी गर्दै उहाँले यसबीचमा भएका राम्रो कामको सरहना गरी धन्यवाद दिनुको सट्टा मन्त्रीकै चरित्रमाथि आँच पुऱ्याउने काम भएकामा खेद व्यक्त गर्नुभयो ।

विवादित उक्त ‘अडियो रेकर्ड’ र जग्गा प्रकरणका सन्दर्भमा सत्यतथ्य समाचार बाहिर ल्याउन आमसञ्चरकर्मीसँग अनुरोध गर्दै मन्त्री अधिकारीले भन्नुभयो, “चरित्र हत्या गर्ने उद्देश्यका साथ अडियो रेकर्ड सार्वजनिक भएको छ । आफूसहित परिवारका सदस्यलाई जोडेर सार्वजनिक गरिएको ‘अडियो रेकर्ड’का बारेमा यथार्थ छानबिन होस् ।

जिम्मेवारआमसञ्चारमाध्यमले पनि विषयको गहिराइमा पुगेर सत्यतथ्य समाचार सम्प्रेषण गरिदिनुपऱ्यो । त्यसमा दोषी देखिए जस्तोसुकै सजाय भोग्न तयार छु ।”रासस

# रास्वपाले उम्मेदवार छनोटका लागि बनायो कार्यविधि

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिनिधिसभा सदस्य निर्वाचन ‘पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली’का लागि उम्मेदवार छनोटको कार्यविधि सार्वजनिक गरेको छ ।



रास्वपाले बनाएको कार्यविधिमा नेतृत्व क्षमता, राजनीतिक निकटता, समावेशिता र आन्तरिक रुपमा हुने प्रारम्भिक निर्वाचनमा प्राप्त मतलाई उम्मेदवार छनोटको आधार बनाएको हो ।

पार्टी केन्द्रीय कार्यालयमा विहिबार आयोजित पत्रकार सम्मेलनमा पार्टीका सहमहामन्त्री विपिन आचार्यले रुपन्देही-३ मा आगामी कात्तिक १७ गते हुने उपनिर्वाचनका लागि सोही कार्यविधिका आधारमा उम्मेदवार छनोट गरिने जानकारी दिनुभयो ।

“रुपन्देहीलाई प्रस्थानबिन्दु मानेर पार्टीले उम्मेदवार छनोट विधि पारित गरेका हो”, उहाँले भन्नुभयो, “पार्टीले छान्ने उम्मेदवार पार्टीको गतिविधिमा संलग्न, पदाधिकारीदेखि सदस्यहरुले रुचाएको र क्षमतावान व्यक्ति जसले देश र जनताका लागि योगदान दिन सक्षम हुनुहुन्छ, यस्तो उम्मेदवारलाई छनोट गर्ने गरी कार्यविधि बनाएका हौ ।”

पार्टीका प्रवक्ता मनिष झाले उम्मेदवारको स्वीकारत्व, व्यक्तित्व र क्षमता सधै हाबी हुने स्पष्ट पार्नुभयो । रास्वपाले पार्टी स्थापना भएयता आन्तरिकरुपमा प्रारम्भिक निर्वाचन विधिबाट उम्मेदवार चयन गर्दै आएको बताउदै आएको छ । सोही विधिमा थप परिमार्जन र परिस्कृत गर्दै नयाँ कार्यविधि बनाइएको जनाइएको छ ।

“लिडरसिप एकेडेमीमा २५ प्रतिशत, पोलिटिकल प्राक्सेमिटीमा २० प्रतिशत, समावेशितामा पाँच प्रतिशत र प्रारम्भिक निर्वाचनको नतिजामा ५० प्रतिशत अङ्कभार निर्धारण गरिएको छ”, प्रवक्ता झाले भन्नुभयो । पार्टीले एक साताभित्र उम्मेदवार छनोटको तालिका सार्वजनिक गर्ने बताएको छ ।रासस

# हसिनाका समर्थकहरूसँग बङ्गलादेशी सेनाको झडप, कम्तीमा ४ जनाको मृत्यु

एपी

ढाका । बङ्गलादेशी सुरक्षा बलहरूको बुधबार अपदस्थ प्रधानमन्त्री शेख हसिनाका समर्थकहरूसँग भएको झडपमा कम्तीमा चार जनाको मृत्यु भएको र धेरै घाइते भएको अस्पताल अधिकारी र स्थानीय मिडियाले जनाएका छन् ।

गत वर्ष अगस्टमा हसिना विरुद्धको विद्रोहको नेतृत्व गर्ने विद्यार्थीहरूले गठन गरेको नयाँ राजनीतिक पार्टीले हसिनाको पैतृक घर दक्षिणपश्चिमी गोपालगञ्ज जिल्ला र उहाँको अवामी लिग पार्टीको गढतर्फ पदयात्रा गर्ने घोषणा गरेपछि बिहान हिंसा भड्किएको थियो ।

अधिकारीहरूले पछि जिल्लामा रातिको कर्फ्यू लगाएका थिए ।एघार महिनाअघि हसिनाको निष्कासनपछि बङ्गलादेश अराजकता र अनियन्त्रित भिडको हिंसाले ग्रस्त भएको छ । मुलुकको अन्तरिम सरकार बिग्रँदै गएको सुरक्षा अवस्थालाई नियन्त्रणमा ल्याउन असफल भएसँगै बुधबारको आक्रमणले देशको गहिरो विभाजनलाई उजागर गर्दछ ।

**अराजक अवस्था**

टेलिभिजन फुटेजले हसिना समर्थक कार्यकर्ताहरूले लाठीले प्रहरीमाथि आक्रमण गरेको र विद्रोहको सम्झनामा नेसनल सिटिजन पार्टीका नेताहरू बोकेका करिब २० वटा गाडीमा आगो लगाएको देखाएको छ ।पार्टीका नेताहरूले स्थानीय प्रहरी प्रमुखको कार्यालयमा शरण लिएका छन् । फुटेजमा शीर्ष नेताहरूलाई सैनिकहरूले सुरक्षाका लागि बख्तरबन्द गाडीमा लगेको देखाइएको थियो । तिनीहरू पछि सुरक्षा एस्कर्टहरूसँग छिमेकी जिल्लाका लागि प्रस्थान गरेका थिए ।



सरकारी अस्पतालका वरिष्ठ अधिकारी जिबितेश विश्वासले कम्तीमा तीन जनाको शव भित्र ल्याइएको पत्रकारलाई बताउनुभयो । देशको प्रमुख अङ्ग्रेजी भाषाको डेली स्टारले चार जनाको मृत्यु भएको जनाएको छ ।अन्तरिम सरकारले बुधबार विद्यार्थीहरूमाथि आक्रमण गर्नेहरू 'दण्डविहीन' नरहने बताएको छ र अन्तरिम नेता मुहम्मद युनुसको तर्फबाट जारी गरिएको विज्ञप्तिमा गोपालगञ्जमा भएको हिंसालाई 'पूर्ण रूपमा अक्षम्य' भनी वर्णन गरिएको छ ।

गत मे महिनामा अधिकारीहरूले प्रतिबन्ध लगाएको हसिनाको आवामी लिग पार्टीले सामाजिक सञ्जाल एक्समा धेरै वक्तव्यहरू जारी गरेर हिंसाको निन्दा गरेको छ र मृत्यु तथा घाइतेहरूका लागि अन्तरिम सरकारलाई दोष दिएको छ ।एक आवामी वक्तव्यले भनेको छ, "हामी विश्वलाई सुरक्षा संयन्त्रको यो स्पष्ट दुरुपयोगलाई ध्यानमा राख्न आग्रह गर्छौं ।" विज्ञप्तिमा 'असहमतहरू' विरुद्ध भीड हिंसाको प्रयोग गरेको बताइएको छ ।

विद्यार्थी नेता नाहिद इस्लामले गोपालगञ्ज हिंसाका जिम्मेवारहरूलाई पक्राउ गर्न अधिकारीहरूलाई २४ घण्टाको अल्टिमेटम दिनुभयो र बिहीबार छिमेकी फरिदपुर जिल्लामा अर्को पदयात्रा गर्ने सम्भावना रहेको बताउनुभयो ।दक्षिणपन्थी जमात-ए-इस्लामी पार्टीले विद्यार्थी नेतृत्वको पार्टीमाथि भएको आक्रमणको निन्दा गरेको छ र बिहीबारका लागि सबै जिल्ला र मुख्य सहरहरूमा देशव्यापी विरोध प्रदर्शनको घोषणा गरेको छ ।

**अशान्त राष्ट्र**

झडपले राष्ट्रिय मेलमिलापको आशालाई कम गरेको भन्दै अन्तरिम सरकारका आलोचकहरूले बढ्दो ध्रुवीकरणको चेतावनी दिएका छन् । यद्यपि युनुसको प्रशासनले हसिना पछिको युगमा व्यवस्था ल्याउने वाचा गरेको छ । आलोचकहरूले अवस्था सुधार नभए लोकतन्त्रमा शान्तिपूर्ण सङ्क्रमण खतरामा पर्ने बताएका छन् ।

नोबेल शान्ति पुरस्कार विजेता युनुसले हसिना पदच्यूत भएर भारत भागेको तीन दिनपछि देशको जिम्मेवारी लिनुभएको थियो र व्यवस्था पुनःस्थापना गर्ने वाचा गर्नुभएको थियो । उहाँले आगामी वर्षको अप्रिलमा नयाँ चुनाव हुने वाचा गर्नुभएको छ ।हसिनाले अहिले मानवता विरुद्धको अपराधको आरोपको सामना गरिरहनुभएको छ भने सरकारले उहाँलाई भारतबाट सुपुर्दगी गर्न खोजिरहेको छ । भारतले बङ्गलादेशको अनुरोधलाई कुनै प्रतिक्रिया दिएको छैन ।

गोपालगञ्ज राजनीतिक रूपमा संवेदनशील जिल्ला हो । हसिना बुबाको समाधि त्यहाँ अवस्थित छ । देशको स्वतन्त्रता नेता शेख मुजीबुर रहमानलाई सन् १९७५ मा सैन्य कूमा उहाँको परिवारका अधिकांश सदस्यसँगै हत्या भएपछि त्यहाँ गाडिएको थियो ।नेसनल सिटिजन पार्टीले बङ्गलादेशी राजनीतिमा आफूलाई नयाँ शक्तिका रूपमा स्थापित गर्ने अभियानको एक हिस्साका रूपमा सबै जिल्लामा हुने भन्दै महिनाको सुरुमा आफ्नो 'राष्ट्र पुनर्निर्माणका लागि जुलाई मार्च' सुरु गरेको थियो ।

बङ्गलादेशको राजनीतिक विगत मुख्यतया दुई वंशवादी पार्टीहरू - हसिनाको आवामी लिग र उहाँका प्रतिद्वन्द्वी एवं पूर्वप्रधानमन्त्री खालिदा जियाको नेतृत्वमा रहेको बङ्गलादेश राष्ट्रवादी पार्टी (बिएनपी) द्वारा हावी भएको छ । हसिनाको पार्टीको अनुपस्थितिमा सत्तामा आउने आशा राख्ने बिएनपी बुधबारको हिंसाको बारेमा धेरैजसो मौन रहेको छ ।

# महिला यु-२० साफ च्याम्पियनसिपमा नेपाल विजयी



काठमाण्डु । दक्षिण एसियाली फुटबल महासङ्घ (साफ) महिला यु-२० च्याम्पियनसिपमा नेपाल श्रीलङ्काविरुद्धको खेलमा विजयी भएको छ ।

बङ्लादेशको ढाकास्थित बसुन्धरा किङ्स इरिनाको अभ्यास मैदानमा विहिबार भएको खेलमा नेपालले श्रीलङ्कालाई ७-० गोलअन्तरले पराजित गरेको हो । यसअघि पनि पहिलो खेलमा नेपालले श्रीलङ्कालाई समान ७-० गोल अन्तरले नै हराएको थियो । योसँगै नेपालले चार खेलबाट ९ अङ्क जोडेको छ । चार खेल खेलेको श्रीलङ्का भने अङ्कविहीन छ ।

श्रीलङ्काविरुद्धको खेलमा विहिबार पहिलो हाफमा चार गोल गरेको नेपालले दोस्रो हाफमा तीन गोल थप्यो ।

नेपालका लागि कुसुम खतिवडा र समीक्षा मगरले समान दुई/दुई गोल गरे । पूर्णिमा राई, बिर्सना चौधरी र सरिता नाथले समान एक एक गोल गरे ।

खेलको १६औँ मिनेटमा पूर्णिमाले हेडरमार्फत गोल गरिन् । त्यस्तै खेलको ३५औँ मिनेटमा कुशुमले नेपालको अग्रता दोब्बर बनाइन् । खेलको ४२औँ मिनेटमा सरिताले तेस्रो गोल गरिन् । खेलको ४५औँ मिनेटमा कुसुमले व्यक्तिगत दोस्रो तथा नेपालका लागि चौथो गोल गरिन् ।

मध्यान्तरपछि खेलको ६६औँ मिनेटमा बिर्सिनाले पेनाल्टीमार्फत गोल गर्दै नेपाललाई ५-० गोलको अग्रता दिलाइन् ।

खेलको ७४औँ मिनेटमा समीक्षाले गोल गरिन् । खेलको ७८औँ मिनेटमा समीक्षाले नै व्यक्तिगत दोस्रो गोल गर्दै ७-० गोलअन्तरले विजयी दिलाइन् । नेपालले अब शनिबार भुटानसँग खेल्नेछ ।रासस

# जेलेन्स्कीद्वारा युद्ध प्रयासलाई पुनर्जीवित गर्न नयाँ प्रधानमन्त्री नियुक्त



एपी

किएभ । युक्रेनकी अर्थमन्त्री तथा अमेरिकासँगको खनिज सम्झौताका मुख्य वार्ताकार युलिया स्विरिडेन्कोलाई बिहीबार नयाँ प्रधानमन्त्री नियुक्त गरिएको छ । उहाँ सन् २०२२ मा रुसको पूर्ण मापदण्डको आक्रमण सुरु भएपछि देशको पहिलो नयाँ सरकार प्रमुख बन्नुभएको छ ।

स्विरिडेन्को युक्रेनको सरकारमा नयाँ भूमिका लिने अधिकारीहरूको समूहमध्ये एक हुनुहुन्छ । राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले युद्धले थकित राष्ट्रलाई नयाँ ऊर्जा दिन र रुसको निरन्तर आक्रमणको सामना गर्न घरेलु हतियार उत्पादन बढाउने प्रयासमा मन्त्रिपरिषद्को फेरबदल गर्नुभएको छ ।तर घरेलु स्तरमा मन्त्रिपरिषद्को यो पुनर्गठनलाई कुनै ठूलो परिवर्तनका रूपमा लिइएको छैन किनकि जेलेन्स्की युद्धको अवधिमा अझै पनि आफ्नो प्रभावकारिता र वफादारी प्रमाणित गर्ने अधिकारीहरूमा निर्भर हुनुहुन्छ । युद्ध अहिले चौथो वर्षमा छ ।

युक्रेनको इतिहासमा सबैभन्दा लामो समयसम्म सेवा गर्ने सरकार प्रमुख प्रधानमन्त्री डेनिस स्मिहलको प्रतिस्थापनसहित शीर्ष सरकारी पदहरू फेरबदल गर्न जेलेन्स्कीले बिहीबार नामाङ्कन पेश गर्नुभयो ।

संसदीय वेबसाइटका अनुसार स्मिहल अब रक्षामन्त्री बन्नुहुनेछ ।मन्त्रिपरिषद्मा अन्य परिवर्तनहरू अपेक्षित छन्, तर प्रधानमन्त्रीका रूपमा स्विरिडेन्कोको नियुक्ति मुख्य चर्चाको विषय बनेको छ ।

उहाँले अमेरिका-युक्रेन खनिज सम्झौताको वार्तामा मुख्य भूमिका खेल्नुभएको थियो । सम्झौताले किएभका लागि सर्तहरू स्वीकार्य छन् भन्ने सुनिश्चित गरेको थियो । स्विरिडेन्कोले प्रायः पश्चिमी साझेदारहरूसँग उच्च-स्तरीय वार्तामा युक्रेनको प्रतिनिधित्व गर्दै आउनुभएकोछ।यसमारक्षासहयोग, आर्थिक पुनरुत्थान र पुनर्निर्माणमा केन्द्रित छ । सांसद र सहकर्मी अधिकारीहरूले उहाँलाई राष्ट्रपति कार्यालयप्रति वफादारीको प्रतिष्ठा भएको एक लगनशील कार्यकारीका रूपमा वर्णन गर्छन् ।

मङ्गलबार, जेलेन्स्कीले स्विरिडेन्को र डिजिटल रूपान्तरण मन्त्री मिखाइलो फेडोरोभसँग एक तस्बिर पोस्ट गर्नुभयो, जसमा उहाँले आगामी छ महिनाका लागि फोकस घरेलु हतियार उत्पादन बढाउने, युक्रेनका रक्षा बलहरूका लागि सबै प्रकारका ड्रोनहरूको पूर्ण ठेक्का, आर्थिक सम्भावनाहरू खुलाउन नियमहरू सहज बनाउने र सामाजिक सहायता कार्यक्रमहरूको डेलिभरी सुनिश्चित गर्ने हुने लेख्नुभएको छ ।स्मिहलले मङ्गलबार प्रधानमन्त्री पदबाट राजीनामा दिने घोषणा गर्नुभएको छ ।

सन् २०२० मार्च ४ मा नियुक्त भएपछि उहाँले पाँच वर्षभन्दा बढी समयसम्म यो पद सम्हाल्नुभएको थियो ।

# ब्रेक्जिटपछिको न्यानो सम्बन्धका बीच मर्जको लन्डनको पहिलो भ्रमण

एएफपी

बर्लिन । बेलायतले आफ्ना छिमेकीहरूसँग ब्रेक्जिटपछिको सम्बन्ध सुधार गर्न खोजिरहेको बेला जर्मन चान्सलर फ्रेडरिक मर्ज प्रधानमन्त्री किर स्टार्मरसँग 'मित्रता सन्धि' मा हस्ताक्षर गर्न बिहीबार लन्डन जानुहुनेछ ।

उहाँहरूले युक्रेनका लागि निरन्तर समर्थनबारे पनि छलफल गर्नुहुनेछ । लन्डन र बर्लिन दुवैले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको अन्य नाटो देशहरूबाट वित्तपोषण गरेर किएभमा हतियार पठाउने योजनामा भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

यो भ्रमण चान्सलरका रूपमा मर्जको बेलायतको पहिलो भ्रमण हो । यद्यपि उहाँले मेको सुरुमा पदभार ग्रहण गरेको केही दिनपछि युक्रेनको यात्रासहित धेरै पटक स्टार्मरलाई भेट्नुभएको छ ।

मर्जको भ्रमण फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले बेलायतको राजकीय भ्रमण गरेको एक हप्तापछि आएको हो । त्यो भ्रमण बेलायतले पाँच वर्षअघि ब्लक छोडेपछि युरोपेली सङ्घ (इयु) राष्ट्र प्रमुखले गरेको पहिलो हो । जर्मनी र बेलायतबीचको व्यापक नयाँ सन्धिले दुवै देशले सामना गर्ने अशान्त सुरक्षा अवस्थालाई जनाउनेछ र यसमा आपसी रक्षा सम्झौता समावेश छ । 'एउटाका लागि कुनै रणनीतिक खतरा छैन जुन अर्कोका लागि रणनीतिक खतरा हुनेछैन' पाठले सशस्त्र आक्रमणको अवस्थामा दुई देशले 'सैन्य माध्यमबाट एकअर्कालाई सहयोग गर्ने' प्रतिज्ञासहित भन्ने अपेक्षा गरिएको छ ।




बेलायत र जर्मनीसँग नाटो सदस्यहरूका रूपमा पहिले नै पारस्परिक रक्षाको प्रतिबद्धता भएता पनि यो सन्धिले हतियार विकास र नाटोको पूर्वी किनारमा सञ्चालन सहित बृहत्तर रक्षा सहयोगको मार्ग प्रशस्त गर्ने अपेक्षा गरिएको छ ।

दुई देशले अक्टोबरमा एउटा ऐतिहासिक रक्षा सम्झौतामा हस्ताक्षर गरेका थिए र मे महिनामा उनीहरूले दुई हजार किलोमिटर (एक हजार दुई सय ५० माइल) को दायरामा प्रहार गर्ने मिसाइलहरू विकास गर्न सुरु गर्ने बताएका थिए ।मर्ज र स्टार्मर बिहीबार यो प्रणाली अर्को दशकभित्र डेलिभर गरिनेछ र उहाँहरूले जर्मनीमा बक्सर बख्तरबन्द सवारी साधन र टाइफुन जेटहरू जस्ता बेलायतको रक्षा निर्यातलाई बढावा दिने नयाँ सम्झौताको अनावरणको घोषणा गर्न तयार हुनुहुन्छ ।

**ब्रेक्जिटको 'आघात' पार गर्दै**

जर्मनीका विदेशमन्त्री जोहान वाडेफुल यस भ्रमणमा मर्जसँगै जानुहुनेछ र उहाँले आफ्ना बेलायती समकक्षी डेभिड लामीसँग भेटवार्ता गर्नुहुने अपेक्षा गरिएको छ ।

ब्रेक्जिटको 'दर्दनाक' अनुभवपछि बेलायतसँगको सम्बन्धमा कति सुधार आएको छ भनेर 'हामीले कम आँकलन गर्नु हुँदैन' भनी जर्मन सरकारको एक स्रोतले उक्त भ्रमणको बारेमा बताएको छ ।सन्धिमा दुई देशबीच नागरिकहरूको सम्पर्क सुधार गर्ने उपायहरू समावेश हुनेछन्, उदाहरणका लागि विद्यालय भ्रमणका लागि सीमा प्रक्रियाहरू सरल पारेर ।दुई नेता अनियमित आप्रवासनलाई सम्बोधन गर्न अझ बढी गर्न प्रतिबद्ध हुनुहुन्छ । यो मर्ज र स्टार्मर दुवैका लागि प्रमुख घरेलु प्राथमिकता हो ।

म ज ि क ा े सरकारले 'अवैध आप्रवासन' को सुविधालाई आपराधीकरण गर्न वर्षको अन्त्यसम्ममा जर्मन कानून परिमार्जन गर्ने प्रतिबद्धता गर्ने अपेक्षा गरिएको छ । यसमा च्यानल पार गर्नका लागि लक्षित साना डुङ्गाहरू लुकाउन प्रवासी तस्करहरूले प्रयोग गर्ने भण्डारण सुविधाहरू विरुद्ध कारबाही समावेश हुनेछ ।पाठमा विज्ञान र प्रविधिका खण्डहरू पनि समावेश हुनेछन् । कृत्रिम बुद्धिमत्ता (एआई) जस्ता रणनीतिक क्षेत्रहरूमा थप सहयोगको प्रतिज्ञा गरिएको छ ।

यसले नयाँ बेलायत-जर्मनी व्यापार मञ्च पनि स्थापना गर्नेछ । धेरै जर्मन कम्पनी बिहीबार बेलायतमा नयाँ लगानीको घोषणा गर्न तयार भएका छन् ।

यातायातको विषयमा दुवै देशले रेल जडानहरू सुधार गर्न प्रतिबद्धता गर्नेछन् ।

गत महिना युरोस्टारले सन् २०३० को दशकको प्रारम्भमा लन्डनदेखि फ्रान्कफर्टसम्मको नयाँ मार्ग सुरु गर्ने योजना घोषणा गरेको थियो । यो बेलायत र जर्मनीबीच यस्तो पहिलो प्रत्यक्ष जडान हुनेछ ।

# इराकको सपिङ मलमा आगलागी, ५० जनाको मृत्यु

एएफपी

ब्गादाद । पूर्वी इराकी सहर कुटको सपिङ मलमा रातभर लागेको आगलागीमा करिब ५० जनाको मृत्यु भएको र घाइते भएको सरकारी मिडियाले बिहीबार जनाएको छ ।

"एउटा प्रमुख सपिङ सेन्टरमा भएको दुःखद आगलागीमा पीडित, शहीद र घाइतेको सत्ख्या करिब ५० जना पुगेको छ", वासित प्रान्तका गभर्नर मोहम्मद अल-मियाहीले आधिकारिक आइएनए समाचार एजेन्सीलाई भन्नुभयो ।आगलागी बुधबार राति सुरु भएको थियो । आगोले कथित रूपमा पहिलो तलाबाट सुरु भएर छिट्टै हाइपर मललाई घेरेको थियो । कारण तुरुन्तै थाहा हुन सकेको छैन ।

एम्बुलेन्सहरूले बिहान ४:०० बजेसम्म घाइतेहरूलाई अस्पतालमा लगिरहेका थिए । बगदादबाट करिब एक सय ६० किलोमिटर (एक सय माइल) दक्षिणपूर्वमा रहेको कुटको अस्पतालका वार्डहरू भरिएका थिए ।एएफपीका एक संवाददाताले मल पाँच दिनअघि मात्र खोलिएको र अस्पतालमा जलेका शवहरू देखेको रिपोर्ट गरेको बताए ।आगलागी अहिले नियन्त्रणमा आएको छ तर दमकलकर्मीहरूले बेपत्ता पीडितहरूलाई खोज्न जारी राखेका छन् ।

सामाजिक सञ्जालमा साझा गरिएका भिडियोहरूमा विचलित आफन्तहरू समाचारको प्रतीक्षामा रहेको देखाइएको छ । तीमध्ये केही एम्बुलेन्सहरू आइपुग्दा शोकमा डुबेका छन् । एक व्यक्ति भुइँमा बसेर छाती



पिट्दै र 'हे मेरो बुबा, हे मेरो हृदय' भनेर रोएको देखिएको थियो ।

एम्बुलेन्सहरू आइपुग्दा जाँच गर्दै दर्जनौं मानिस अस्पताल अगाडि भेला भएका थिए र केही मानिस पीडामा भुइँमा बेहोस भएका थिए । तीमध्ये एक ५० वर्ष उमेरका चिकित्सक नासिर अल-कुरैशीले आगलागीमा परिवारका पाँच जना सदस्य गुमाएको बताउनुभयो ।"हामीमाथि एउटा विपत्ति आएको छ", उहाँले एएफपीलाई भन्नुभयो, "हामी केही खाना खान, रातिको खाना खान र घरमा बिजुली कटौतीबाट बच्न मलमा गएका थियौं । दोस्रो तलामा एयर कन्डिसनर विस्फोट भयो र त्यसपछि आगो लाग्यो र हामी यसबाट उम्कन सकेनौं ।"

गभर्नर मियाहीले तीन दिनको शोक घोषणा गर्नुभएको छ र स्थानीय अधिकारीहरूले मलको मालिक र भवन ठेकेदार विरुद्ध मुद्दा दायर गर्ने बताएका छन् । आगलागीको कारणबारे अनुसन्धान भइरहेको र प्रारम्भिक निष्कर्ष ४८ घण्टाभित्र आउने अपेक्षा गरिएको गभर्नरले बताउनुभयो ।"यो त्रासदी एउटा ठूलो आघात हो... र सबै सुरक्षा उपायहरूको गम्भीर समीक्षा आवश्यक छ", उहाँले भन्नुभयो ।

# दक्षिण कोरियामा १२० वर्षमा सबैभन्दा बढी वर्षा

एएफपी

सियोल । दक्षिण कोरियाका केही भागमा बिहीबार मुसलधारे वर्षा भएको छ । मुलुकको मौसम एजेन्सीका अनुसार त्यहाँ एक क्षेत्रमा सन् १९०४ मा पूर्ण रेकर्ड सुरु भएयता प्रतिघण्टा सबैभन्दा धेरै वर्षा भएको छ ।

दक्षिण कोरियामा सामान्यतया जुलाईमा मनसुनी वर्षा हुन्छ तर देशको दक्षिण चुङ्चेओङ प्रान्तका तीन क्षेत्रले यस हप्ता रेकर्ड गरिएको सबैभन्दा भारी घण्टाको वर्षा अनुभव गरेको आधिकारिक मौसम तथ्याङ्कले देखाएको छ । "पश्चिमी सिओसन क्षेत्रमा ११४.९ मिलिमिटर (४.५ इन्च) प्रतिघण्टाको उच्च वर्षा भएको थियो, यो स्तर सामान्यतया एक सय वर्षमा एक पटक मात्र देखिन्छ", मौसम एजेन्सीका एक अधिकारीले भने, "यो सन् १९०४ पछि सबैभन्दा उच्च दर हो ।"

ती अधिकारीका अनुसार भारी वर्षा उत्तरी प्रशान्त उच्च चापको किनारमा बग्ने न्यानो र ओसिलो हावाका कारण भएको थियो, जसले बलियो वायुमण्डलीय अस्थिरता निम्त्यायो । दक्षिण कोरियाली प्रसारणकर्ताहरूले सेओसनमा पानीको दलदल बजार र अपार्टमेन्ट कम्प्लेक्सहरूका साथै पार्क गरिएका कारहरू डुबानमा परेको गम्भीर बाढीको भिडियोहरू देखाएका छन् ।

# गहुँ र धानको बीउ उत्पादन गर्ने किसानलाई प्रोत्साहन रकम

चितवन। जिल्लाका एक हजार २५३ किसानले बीउ उत्पादन गरेबापत प्रोत्साहन रकम प्राप्त गरेका छन्। कृषि बिकास कार्यालय चितवनले जिल्लाका ९ कृषक फर्ममा आबद्ध ती किसानहरुलाई बीउ उत्पादन गरेबापत रु १ करोड ४७ लाख ८० हजार ३५० बितरण गरेको हो।

कार्यालयका कृषि अधिकृत उमराज अर्यालका अनुसार किसानहरुले रु १ हजार १ सय देखि रु १ लाख ४३ हजार सम्म प्रोत्साहन रकम पाएका छन्। उनीहरुलाई उत्पादन र क्षेत्रफलका आधारमा प्रोत्साहन रहकम बितरण गरिएको हो।

उहाँले भन्नुभयो "स्रोत बीउमा प्रति हेक्टर रु २० हजार र उन्नत बीउमा प्रति हेक्टर रु १५ हजारका दरले प्रोत्साहान रकम बितरण गरिएको हो।" गहुँ र धानको उत्पादनमा किसानहरुले प्रोत्साहन रकम पाएका हुन्।

कतिपय किसानहरुको भने जग्गा धनी पूर्जा तथा कागजात नमिलेका कारण प्रोत्साहन रकम पाउनबाट वन्चीत भएको उहाँले बताउनुभयो।

उहाँका अनुसार ९६१ दशमलव ८३ हेक्टर क्षेत्रफलमा बीउ उत्पादन गर्ने ती किसानले प्रोत्साहन रकम प्राप्त गरेका हुन।

कृषि विकास कार्यालय चितवनले 'बीउ बिजन आत्मनिर्भर कार्यक्रम' अन्तर्गत भरतपुर महानगरपालिका र माडी नगरपालिकाका बीउ उत्पादन गर्ने किसानलाई प्रोत्साहन रकम बितरण गरिएको हो। कृषि विकास कार्यालयका प्रमुख भलकनाथ कँडेलले असारको अन्त्यमा प्रदान गरिएको रकम किसानका लागि खेतीयोग्य समयमा राहत बन्ने बताउनुभयो। रासस



# च्याउखेतीमा लगानी बढाउँदै

गण्डकी। युवाहरूको विदेश मोह बढेसँगै देशव्यापी रूपमा कृषिप्रतिको अनाकर्षण बढिरहेको अवस्थामा पोखरा महानगरपालिका-११ का ध्रुवबहादुर थापाले भने व्यावसायिक च्याउखेतीमा लगानी बढाउँदै जानुभएको छ।

काहुँ सिस्नेरी एग्रो फार्म सञ्चालन गर्दै आउनुभएका उहाँले च्याउखेतीका लागि करिब रु एक करोड ५० लाख बढी लगानी गरिसक्नुभएको छ। विगतमा खाद्यान्न आपूर्तिको काममार्फत व्यावसायिकतामा लाग्नुभएका उहाँले कोरोना महामारीपछि व्यावसायिक रूपमा च्याउखेती सुरु गर्नुभएको हो।

कोरोनाकालीन समयमा आएको व्यावसायिक च्याउखेतीको योजनालाई व्यवहारमा उतार्नुअघि विसं २०७४ देखि अध्ययन तथा प्रक्रियागत काम सुरु गर्नुभएको थियो। अहिले उहाँले चिस्यानसहितको आधुनिक प्रविधियुक्त टनेलमा च्याउखेती गरिरहनुभएको छ।

विसं २०७७ फागुनमा चिस्यानसहितको प्रविधियुक्त टनेलको काम सकेपछि च्याउखेती थाल्नुभएका उहाँले सुरुमा रु ५० लाख लगानी गरेको जानकारी दिनुभयो। उहाँका अनुसार सुरुमा १२ टन क्षमताको उक्त टनेलबाट प्रत्येक तीन महिनाको एक याममा दुई हजार ४०० किलोसम्म गोब्रे च्याउ उत्पादन भएको थियो।

बजारको बढ्दो मागसँगै च्याउखेतीप्रतिको लगाव बढेपछि अहिले १२ टन क्षमताको टनेललाई विस्तार गरी २० टन बनाएको जनाउँदै थापाले थप २० टन क्षमताको टनेल निर्माण गरिरहेको बताउनुभयो। बाह्र टन क्षमताको टनेलको क्षमता वृद्धिसँगै अर्को टनेल निर्माण गर्दा करिब रु ७० लाख लगानी भएको उहाँले जानकारी दिनुभयो।



पछिल्ला समयमा गरिएको थप टनेल निर्माण तथा क्षमता विस्तारका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत रु २७ लाख ९१ हजार ८८८ अनुदानबापतको रकम प्राप्त भएको थापाले उल्लेख गर्नुभयो। उहाँका अनुसार दैनिक करिब पाँच सय किलो गोब्रे च्याउ टिप्दै आइएको छ।

"कन्ये च्याउ सामान्य टहरामा उत्पादन गर्न सकिए पनि गोब्रे च्याउका लागि हाइटेक प्रविधि जडित टनेलभित्र गर्नुपर्ने हुन्छ। आफूले उत्पादन गरिरहेको च्याउको खपत पोखरामा हुने गरेको छ", थापाले भन्नुभयो। बीस टन क्षमताका दुईवटा टनेलबाट पूर्णरूपमा उत्पादन हुँदा प्रत्येक तीन महिनाको समयावधिमा छ हजार किलो च्याउ उत्पादन गर्ने लक्ष्य लिइएको छ।

"बजारमा प्रतिकिलो रु तीन सयदेखि रु तीन सय ५० सम्ममा च्याउ बिक्री हुन्छ", उहाँले भन्नुभयो, "पोखराको बजारमा दैनिक छ सय किलोसम्म यो च्याउको माग छ।" थापाको च्याउखेती फार्ममा हाल १० जनाले प्रत्यक्ष रोजगारी पाएका छन्। च्याउको कम्पोष्ट राख्ने, टिप्ने, त्यसको व्यवस्थापन गर्नेलगायत कामका लागि आवश्यकताअनुसार अन्य जनशक्ति खटाइएको गरिएको उहाँले बताउनुभयो।

बहुपोषणयुक्त च्याउमा ३५ प्रतिशत प्रोटिन पाइन्छ भने क्यालोरी तथा चिल्लो पदार्थको मात्रा कम हुने भएकाले पछिल्लो समय यसको माग र प्रयोग गर्नेको सङ्ख्या बढ्दै गएको थापाको भनाइ छ। "च्याउमा 'एर्गो थियोनिन' भन्ने तत्व हुन्छ, जसले चाउरीपना हटाउनुका साथै छालाको सुरक्षा गर्दछ। यसमा 'एन्टी अक्सिडेन्ट' प्रशस्त मात्रामा पाइन्छ", उहाँले भन्नुभयो।

रोग प्रतिरोधात्मक क्षमता हुने च्याउमा भिटामिन डि प्राप्त हुन्छ भने कम मात्रामा कार्बोहाइड्रेड हुन्छ। नियमित रूपमा च्याउ खानाले उच्च रक्तचाप, मधुमेहलगायत रोग नियन्त्रण गर्न मद्दत पुग्ने तथा क्यान्सरको जोखिम कम गर्नुका साथै तौल घटाउन पनि उपयोगी मानिन्छ।

**च्याउ खेतीमा आकर्षण बढाउादै परियोजना**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, कास्कीले पोखरा र आसपासमा व्यावसायिक च्याउ खेतीप्रतिको आकर्षण बढाउन अनुदान, सहयोगलगायतका कार्यक्रम अघि बढाएको छ।

परियोजनाअन्तर्गत पोखरा र आसपासका क्षेत्रमा च्याउखेतीको विकासका लागि गत आवमा करिब रु ४० लाख लगानी गरिएको परियोजना कार्यान्वयन इकाईका प्रमुख माधव लम्सालले जानकारी दिनुभयो। पोखरा कन्ये च्याउमा आत्मनिर्भर बनिसकेको बताउँदै उहाँले गोब्रे च्याउमा आत्मनिर्भर बनाउनका लागि पहल भइरहेको उल्लेख गर्नुभयो। आगामी एक-दुई वर्षभित्रमा यस क्षेत्रलाई गोब्रे च्याउमा पनि आत्मनिर्भर बनाउने गरी काम भइरहेको उहाँको भनाइ छ।रासस

# पर्यटकको आकर्षक गन्तव्य बन्दै आमपानी झरना

घोडाघोडी। लम्की बजारदेखि करिब सात किलोमिटर उत्तर चुरे पहाडको फेदीमा छ आमपानी झरना। उक्त झरना पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षक गन्तव्य बन्दै गएको छ। मोहन्याल गाउँपालिका-७ मा पर्ने बर्गदा सामुदायिक वनभित्रको यो झरना व्यवस्थित रूपमा निर्माण भई सञ्चालनमा आएपछि पर्यटकको रोजाइमा पर्न थालेको हो।

आमपानी क्षेत्र यसअघि पनि गर्मी छल्न स्थानीय र वरपरका जिल्लाका बासिन्दाका लागि रमणीयस्थलका रूपमा परिचित थियो। कोरोनाको समयमा यो क्षेत्र अझ बढी चर्चामा आएको थियो। कोरोना महामारीको समयमा आवतजावत सीमित हुँदा पनि यहाँ आन्तरिक पर्यटकको चाप बाक्लो देखिन्थ्यो। बर्गदा सामुदायिक वनका कार्यालय सचिव ध्वजबहादुर शाही भन्नुहुन्छ,"यो ठाउँ पहिले पनि प्रकृतिप्रेमीका लागि लोकप्रिय थियो, झरना निर्माणपछि भने आन्तरिक पर्यटकको सङ्ख्या झनै बढेको छ।"



सुदूरपश्चिम प्रदेश सरकारको पर्यटन प्रवर्द्धन कार्यक्रमअन्तर्गत झरनाको पूर्वाधार निर्माणका लागि रु ४० लाख बजेट विनियोजन गरिएको थियो। राजमार्गदेखि नजिकै शान्त वातावरणमा रहेकाले पनि क्षेत्रको दिगो व्यवस्थापन गरी पर्यापर्यटन विकास गर्ने उद्देश्यले झरना निर्माण गरिएको प्रदेश पर्यटन कार्यक्रम कार्यान्वयन इकाइ प्रमुख डबलबहादुर बोहोराले बताउनुभयो।

झरना निर्माण हुनुभन्दा पहिले पनि यहाँ शौचालय र पिकनिक स्थल बनाइएको उहाँले जानकारी दिनुभयो। "पहिले पनि यहाँको विकास लागि हामी थोरै भए पनि लगानी गरहेका थियौँ, हाल रु ४० लाख खर्चेर झरनाको व्यवस्थापन गरेका छौँ। अब यसको विकासले सामुदायिक वनलाई विश्वास छ। अब यसको संरक्षण र सदुपयोग गर्न जरुरी छ", इकाइ प्रमुख बोहोराले भन्नुभयो।

सामुदायिक वनमा रहेको खोलामा झरना निर्माण कार्यका लागि सामुदायिक वनकै अध्यक्ष केशबहादुर रावलको अध्यक्षतामा निर्माण समिति बनाइएको थियो। झरना क्षेत्रमा नुहाउन र पिकनिक गर्न मिल्ने पूर्वाधार विकासका साथै खोलाको व्यवस्थापन गरी झरनामा निरन्तर पानी आपूर्ति हुने व्यवस्था मिलाइएको छ। झरनाको पानी सञ्चित गर्न ट्याङ्की, नुहाउने ठाउँ, फोहोरा, कपडा फेर्ने कोठा, शौचालय र पदमार्ग बनाइएको इकाइ प्रमुख बोहराले जानकारी दिनुभयो। झरनाको हेरचाह, सुरक्षा र व्यवस्थापन सामुदायिक वनले गर्दै आएको छ।

सामुदायिक वनका सचिव शाहीका अनुसार हाल झरना क्षेत्रमा शनिबार र सार्वजनिक बिदामा ५०० भन्दा बढी आन्तरिक पर्यटक पुग्ने गरेका छन्। अन्य दिनमा दैनिक १०० भन्दा बढी पर्यटक पुग्ने गरेका छन्। कैलाली, बर्दिया, सुर्खेतलगायत छिमेकी भारतसम्मका पर्यटकहरू पनि यहाँ पुग्ने गरेको शाहीले बताउनुभयो।

झरना निर्माणपछि पर्यटकहरुको सङ्ख्या बढे पनि समस्या पनि बढेको उहाँको भनाइ छ। "आमपानी क्षेत्रमा पहिलेदेखि नै सरसफाइको समस्या थियो। झरना निर्माणपछि पर्यटक बढिरहेका छन्। कतिपय पर्यटकले सिसाको बोतल, प्लास्टिकका बोतललगायत फोहर जताततै फालिदिने गरेकाले थप समस्या भएको छ। फोहर फाल्नका लागि बनाइएका डस्टबिन पनि राखेका थियौँ, तिनको प्रयोगमा पनि बेवास्ता भइरहेको छ", सचिव शाहीले गुनासो गर्नुभयो।

अब सामुदायिक वनले सो क्षेत्रलाई व्यवस्थित गर्ने र फोहर व्यवस्थापनका लागि टिकट प्रणाली लागू गरिने जनाइएको छ। "चाँडै नै गाउँपालिकालगायत सरोकार भएकाहरूसँग छलफल गरी न्यूनतम शुल्कमा टिकटको व्यवस्था गर्नेछौँ। यसले आम्दानीका साथै पर्यटकको सुरक्षा र जवाफदेहिताका लागि पनि सहयोग पुग्नेछ", सचिव शाहीले भन्नुभयो।

झरना सञ्चालनबाट उठेको आम्दानी सामुदायिक वनको कोषमा जाने हुँदा त्यसले वन संरक्षण, नयाँ पूर्वाधार निर्माण र स्थानीय रोजगारी सिर्जनामा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। छोटो घुमघाम गन्तव्य खोज्नेहरूका लागि आमपानी झरना नयाँ आशा बनेको स्थानीयको भनाइ छ।रासस

# धरहरा १२ घण्टा खुल्ने

काठमाण्डु। विहिबारदेखि धरहरा १२ घण्टा खुल्ने भएको छ। हरेक दिन बिहान ८ देखि बेलुकी ८ बजेसम्म धरहरा खुला भएको हो। नागरिकको आवश्यकतालाई मध्यनजर गर्दै समयावधि थप गर्दै धरहरा १२ घण्टा खुला गरिएको सहरी विकास मन्त्रालयले जनाएको छ।

विहिबारदेखि धरहरा १२ घण्टा सञ्चालन सार्वजनिक हुने जनाउँदै मन्त्रालयका प्रवक्ता नारायण मैनालीले बिदाको दिन पनि खुला रहने उल्लेख गर्नुभयो। यसअघि दैनिक बिहान १० देखि बेलुका ४ बजेसम्म खुला गरिँदै आइकामा विहिबारदेखि बिहान ८ बजेदेखि बेलुकी ८ बजेसम्म खुला रहने उहाँले जानकारी दिनुभयो।

"अब दुई सिफ्टमा धरहरा सञ्चालन गर्दैछौँ। धरहरा घुम्न चाहनेहरूका लागि सार्वजनिक बिदाको दिन पनि खुला रहनेछ", प्रवक्ता नारायण भन्नुभयो।

विसं २०७२ वैशाख १२ गतेको भूकम्पले ढलेको धरहरा पुनःनिर्माणपछि गत असोज ३ गतेदेखि परीक्षणका रूपमा खुला गरिएको थियो। गत मङ्सिर ९ गतेदेखि सर्वसाधारणलाई शुल्कसहित धरहरा गरिएकामा सर्वसाधारण नागरिकले धरहरा खुल्ने समय कम भएको गुनासो गरेसँगै समयावधि थपिएको उहाँको भनाइ छ।

उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले नागरिकको सुझावलाई ध्यान दिँदै धरहरा सञ्चालनको अवधि बढाएर दुई सिफ्टमा सञ्चालनको तयारी गरिएको मन्त्रालयले जनाएको छ। भूकम्पले क्षतिग्रस्त धरहरा पुनःनिर्माणपछि सशुल्क सञ्चालन गरिएको सात महिनाको अवधिमा टिकट बिक्रीबाट रु चार करोड ३३ लाख ९३ हजार ६५० राजस्व सङ्कलन भएको सहरी विकास मन्त्रालयअन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) ले जनाएको छ।

इकाईअन्तर्गत रहेर सञ्चालन भइरहेको धरहरामा हालसम्म दुई लाख ३७ हजार ६५ जनाले अवलोकन गरेका छन्। विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश-२०८१ बमोजिम सशुल्क धरहरा सञ्चालन भइरहेको छ।रासस


## भंगहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**भंगहा, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२।०४।०२**

यस नगरपालिकाको लागि आ.व. ०८२।८३ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८०/०८१ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८१/०८२ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८१/०८२ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम


# उच्च अदालत तुलसीपुरमा एक दशकयताकै बढी मुद्दा फछ्र्यौट

दाङ। उच्च अदालत तुलसीपुरले आर्थिक वर्ष २०८१/८२ मा अदालतमा परेका मुद्दामध्ये एक हजार २४३ मुद्दा फछ्र्यौट गरेको छ।

उच्च अदालतका सूचना अधिकारी मधुसूदन पन्थीका अनुसार एक वर्षको अवधिमा अदालतमा दर्ता भएका एक हजार ४३ र अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ४१४ गरी जम्मा एक हजार ४५७ थान मुद्दामध्ये एक हजार २४३ मुद्दा फछ्र्यौट भएका छन्। हाल २१४ मुद्दा विचाराधीन छन्।

उक्त अवधिमा कुल सङ्ख्याको ८५ दशमलव ३१ प्रतिशत मुद्दा फछ्र्यौट भएका छन्, जुन लक्ष्यभन्दा ४२ प्रतिशत बढी रहेको जनाइएको छ। गत आवमा ८७१ मुद्दा फछ्र्यौट गर्ने अनुमानित लक्ष्य रहेको सूचना अधिकारी पन्थीले जानकारी दिनुभयो। "अदालतमा एक वर्ष नाघेका सबै मुद्दा फैसला भएका छन्। बाँकी रहेका मुद्दामा छ महिना नाघेका ४५ र छ महिनाभित्रका १६९ मुद्दा छन्", बुधबार आयोजित अन्तरक्रियामा उहाँले भन्नुभयो।

वार्षिक प्रगति विवरणमा मुद्दा दर्ता सङ्ख्या र फछ्र्यौट सङ्ख्या अदालतको एक दशकयताकै सबैभन्दा धेरै रहेको छ। उपलब्ध तथ्याङ्कलाई हेर्दा आव २०७२/७३ मा ९४९ मुद्दामा ५६५ अर्थात् ५९ दशमलव ५३ प्रतिशत, २०७३/७४ मा ९३१ मुद्दामा ५५४ अर्थात् ५९ दशमलव ५०, २०७४/७५ मा ७८९ मध्ये ६०५ अर्थात् ६७ दशमलव ६७ प्रतिशत मुद्दा फैसला भएका थिए।

यस्तै, आव २०७५/७६ मा ८०१ मुद्दामा ६०६ अर्थात् ७५ दशमलव ६५ प्रतिशत, २०७६/७७ मा ५८० मुद्दामा ४०७ अर्थात् ७० दशमलव १७, २०७७/७८ मा ७८२ मा ५१९ अर्थात् ६६ दशमलव ३६ प्रतिशत मुद्दाको फैसला भएको थियो। यसैगरी आव २०७८/८९ मा ९९३ मुद्दामा ६०४ अर्थात् ६० दशमलव ८२ प्रतिशत, २०७९/८० मा एक हजार ५२ मा ५३३ अर्थात् ५० दशमलव ६६ प्रतिशत मुद्दा फछ्र्यौट भएका देखिन्छन्। आव २०८०/८१ मा एक हजार ४९९ मुद्दामध्ये एक हजार ८५ अर्थात् ७२ दशमलव ३८ मुद्दा फछ्र्यौट भएको थिए।

उच्च अदालतका मुख्यन्यायाधीश राजेश्वर तिवारीले एक दशकयताकै बढी मुद्दा दर्ता र मुद्दा फैसला गरिएको बताउनुभयो।रासस


# फेवातालको सीमाङ्कनपछि पोल गाड्ने काम सकियो

कास्की। पोखरास्थित प्रमुख पर्यटकीय गन्तव्य फेवातालको सीमाङ्कनपछि सुरु भएको पोल गाड्ने काम सम्पन्न भएको छ।

सर्वोच्च अदालतको आदेश कार्यान्वयनका लागि पोखरा महानगरपालिका, गण्डकी प्रदेश र नेपाल सरकारको संयुक्त पहलमा गत जेठ १७ गतेदेखि तालको किनारमा सीमास्तम्भ गाड्न सुरु गरिएको थियो। फेवाको तालघरमा एक हजार ५५ वटा पिल्लर गाडिएको पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले जानकारी दिनुभयो।

यसअघि सर्वोच्च अदालतको फैसला कार्यान्वयन सहजीकरण समितिले गठन गरेको प्राविधिक उप-समितिले फेवाताल किनारमा एक हजार ५५ वटा पोल गाड्न सीमाङ्कन गरेको थियो।

प्रमुख आचार्यले प्राविधिकले सीमाङ्कन गरेको स्थानमा पोल गाड्ने काम सकिएसँगै अब दोस्रो चरणमा तालघर क्षेत्रमा परेका तथा तालको ६५ मिटर क्षेत्रभित्रका कित्ताको वर्गीकरणको काम सुरु गरिने बताउनुभयो। "फेवा किनार (तालघर) मा पहिलो चरणमा पोल गाड्ने कार्य बुधबार सकिएको छ। यसबाट फेवा ताल संरक्षणको दिशामा ऐतिहासिक प्रगति भएको छ। दोस्रो चरणमा जगाको कित्ता वर्गीकरण गरेर कुन मुआब्जा पाउने र कुन कित्ता बदर हुने निर्क्योल गर्नेछौँ", उहाँले भन्नुभयो।प्राविधिक टोलीले रेखाङ्कन गरेका स्थानमध्ये सम्भव भएका ठाउँमा पोल गाडिएको तथा भिरालो भू-भागमा आवश्यक चिह्न दिइएको छ।



महानगरले फेवाताल संरक्षण अभियानअन्तर्गत तेस्रो चरणमा मुआब्जा योग्य कित्ताको क्षतिपूर्तिका लागि सिफारिस गर्ने र मुआब्जा प्राप्त गरेपछि मात्र जग्गा खाली गरिने जनाएको छ।

पछिल्लो अध्ययनअनुसार फेवातालको क्षेत्रफल छ दशमलव ३४३ वर्ग किलोमिटर (१२ हजार ४६८ रोपनी तीन पैसा तीन दाम) कायम भएको छ। यसअघि फेवा तालको सीमाङ्कनका लागि अत्याधुनिक डिजिपिएस प्रविधि र ड्रोन सर्भेको प्रयोग गरिएको थियो।फेवातालको चार किल्लामा पिल्लर गाडेपछि पोखराको पर्यावरण, प्राकृतिक सम्पदा र सांस्कृतिक पहिचान जोगाउन योगदान पुग्ने विश्वास गरिएको महानगरप्रमुख आचार्यले बताउनुभयो।

सर्वोच्च अदालतले विसं २०८० असार ४ गते फेवाताल किनारदेखि ६५ मिटरसम्मका सबै संरचना हटाउन नेपाल सरकार, प्रदेश सरकार र पोखरा महानगरपालिकाका नाममा उत्प्रेषण परमादेश जारी गरेको थियो।रासस

# किसानको धान रोप्दैं वाईसीएल



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला बिहारी नगरपालिकामा नेकपा माओवादी केन्द्रको भ्रातृ संगठन योंग कम्यूनिष्ट लिग (वाइसिएल) नेपालले स्थानीय किसानहरुको खेतमा धान रोपेका छन् ।

पानीको अभावबाट जुझिरहेका मधेशका किसानहरु खेतिहार मजदुरहरुको अभावका कारण खेतमा धान रोपाइँसमेत गर्न नसकिरहेको अवस्थामा वाइसिएलले थालेको धान रोपाइँ कार्यक्रमका कारण स्थानीय किसाहरुले राहत पाएका छन् ।

खेतीपाती गरेर नै नेता बनेको भन्दै खेतीपाती गरेर भए पनि श्रमसंग जोडिनुपर्ने आवश्यकता रहेको नेकपा माओवादी केन्द्रका उपमहासचिवसमेत रहेका मधेश प्रदेश इन्चार्ज मातृकाप्रसाद यादवले बताएका छन् ।

मधेश प्रदेशबाट नै १५ लाख वैदेशिक रोजगारमा रहेको र जसमध्ये धनुषा जिल्लाबाट मात्रै अनुमानित साढे ३ लाख युवा रोजगारीका निमित्त विदेशिनु दुःखद रहेको भन्दै युवाहरुलाई श्रम र उत्पादनसंग जोड्नुपर्ने पूर्वमन्त्रीसमेत रहेका नेता यादवले बताए ।

सो क्रममा माओवादी केन्द्र धनुषाका इन्चार्ज श्रवण यादव जीवन, धनुषाका संयोजक दीपक यादव, सबैला नगरपालिकाका मेयर कारीराम यादव, वाईसीएलका नेता सरोज यादवलगायतका नेताहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

# ‘नेपाल–बेलायतको मैत्रीपूर्ण सम्बन्ध प्रशंसनीय’

“नेपाल-बेलायत संसदीयमैत्री समूहलाई सक्रिय बनायौं । यसलाई औपचारिक र अनौपचारिक क्रियाकलापहरु गर्यौं । उनले भने, “चेम्बर र डब्लुएफडि को पदाधिकारीसँग समन्वय गरेर अनौपचारिक क्रियाकलापहरु गर्दा राम्रो हुन्छ ।”

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले नेपाल बेलायतसँग सम्बन्धित संस्थाहरुका कारण नेपाल-बेलायतको मैत्रीपूर्ण सम्बन्ध रहेको बताएका छन् ।

काठमाण्डुमा बिहीबार बसेको नेपाल-बेलायत संसदीयमैत्री समूहको बैठकमा बोल्दै उनले नेपाल-बेलायत संसदीयमैत्री समूहलाई सक्रिय बनाउनुपर्ने भन्दै यस्ता समिति र संस्थाहरुले नेपाल बेलायतको मैत्रीपूर्ण सम्बन्ध रहेको बताएका छन् ।

पूर्वमन्त्री निधिले भने,‘ उत्तर विधायिकी परीक्षण मिस्टर फाउन्डेसनले नेपाल, नेपालको लोकतन्त्र र नेपालको फाइदाको लागि हामीले एउटा आवश्यक जानकारी प्राप्त गर्न सक्छौ र नेपाल-बेलायतको मैत्रीपूर्ण सम्बन्धका लागि पनि सहयोग हुन्छ,’ उनले अघि थप भने, ‘आगामी दिनमा नेपाल बेलायतसँग सम्बन्धित अरु संस्थाहरुले कुन कुन क्षेत्रमा काम गरिरहेको छ त्यसको जानकारी लिने र बेलायतमा पनि नेपालसँग सम्बन्धित संस्थाहरु कुन कुन छन् जानकारी लिएर लिस्ट गर्छौं ।’




उनले नेपाल-बेलायत संसदीय मैत्री समूहले औपचारिक र अनौपचारिक क्रियाकलापलाई प्राथमिकतामा राख्नुपर्ने बताए ।

‘नेपाल-बेलायत संसदीयमैत्री समूहलाई सक्रिय बनायौं । यसलाई औपचारिक र अनौपचारिक क्रियाकलापहरु गर्यौं । उनले भने, ‘चेम्बर र डब्लुएफडि को पदाधिकारीसँग समन्वय गरेर अनौपचारिक क्रियाकलापहरु गर्दा राम्रो हुन्छ ।’

यसैगरि सो कार्यक्रममा बोल्दै उद्यमी राजेन्द्र खेतानले बेलायतीहरु नेपालका लगानी गर्न उत्साहित रहेको भन्दै केहीले वित्तिय क्षेत्रमा लगानी गरेको पनि बताए ।

सो कार्यक्रममा सांसद विराजभक्त श्रेष्ठ, सुहाङ नेम्बाङलगायतले आफ्नो धारणा राखेका थिए ।

# जसपाको लाठी जुलुस प्रदर्शनको घोषणा



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा जिल्ला प्रहरी प्रमुख योगेन्द्र कुमार खड्काले जनता समाजवादी पार्टी (जसपा) का मधेस प्रदेश अध्यक्ष एवं पूर्व प्रदेशसभा सदस्य माननीय अशोक यादवमाथि दुर्व्यवहार गरेको आरोपपछि राजनीतिक ताप बढ्दो छ । यस घटनाको विरोधमा जनता समाजवादी पार्टीले सशक्त आन्दोलनको घोषणा गरिएको छ ।

पार्टीका जिल्ला अध्यक्ष शम्भु प्रसाद यादवद्वारा जारी गरिएको प्रेस विज्ञप्तिमा जिल्ला प्रहरी कार्यालयमाथि गम्भीर आरोप लगाउँदै भ्रष्टाचार, मनोपोली, झुठा मुद्दा र सर्वसाधारणमाथिको दमनप्रति विरोध गरिएको छ ।

सो विज्ञप्तिमा भनिएको छ, “जिल्ला प्रहरी प्रमुखले दुर्व्यवहार मात्र होइन, जिल्लामा भइरहेका लुटतन्त्र, मनोमानी र भ्रष्टाचारमा संरक्षण दिइरहेका छन् ।” साथै, जिल्ला प्रहरी कार्यालयले सर्वसाधारणमाथि झुठा मुद्दा लगाई फसाउने काममा संलग्न रहेको भन्दै कडा आलोचना गरिएको छ ।

पार्टीले घटनाको निष्पक्ष छानबिनका लागि स्वतन्त्र समिति गठन गरी दोषीमाथि कडा कानुनी कारबाही गर्न जोडदार माग गरेको छ । विज्ञप्तिमा भनिएको छ, “यदि दोषीमाथि कारबाही भएन भने जनता स्वयं सडकमा उत्रेर न्यायका लागि लड्न बाध्य हुनेछन् ।”

पार्टीले साउन ४ गते आइतवार, मलंगवा नगरपालिकाको जिल्ला विकास समितिको फिल्डमा लाठी/भराठासहितको विशाल जन प्रदर्शन आयोजना गर्ने घोषणा गरेको छ । कार्यक्रम दिउँसो ३ बजे शुरु हुनेछ ।

विज्ञप्तिमा जिल्लामा भइरहेको “विधि विपरित गतिविधि, भ्रष्टाचार, प्रहरी दमन र जनविरोधी कदमविरुद्ध” न्यायप्रेमी सम्पूर्ण जनसमुदायलाई शान्तिपूर्ण संघर्षमा एकजुट भइ सहभागी हुन हार्दिक अपिल गरिएको छ ।

# उच्च अदालतमा तीव्रगतिमा मुद्दा फछ्र्योट

**टुडे समाचारदाता**

जनकपुरधाम । गत आर्थिक वर्षमा ६६.०५ प्रतिशत मुद्दा फछ्र्योट गरेको उच्च अदालत जनकपुरले जनाएको छ ।

जनकपुरधाममा बिहीबार उच्च अदालत जनकपुरका कायम मुकायम न्यायाधीश महेन्द्र नाथ उपाध्यायले गत आर्थिक वर्षमा फछ्र्योट भएका मुद्दाहरुको तथ्यांक सार्वजनिक गरेका छन् ।

सार्वजनिक गरिएको तथ्यांकका अनुसार असार ३२ गतेसम्म कुल ६६७८ मुद्दा रहेकोमा उच्च अदालतले ४४११ वटा मुद्दा फछ्र्योट गरेको छ । यो संख्या उच्च अदालतले लिएको लक्ष्य भन्दा बढी रहेको न्यायाधीश उपाध्यायले जानकारी दिए । उनका उनुसार अब बाँकी रहेको मुद्दाको संख्या २२६७ रहेको छ ।

गत आर्थिक वर्षमा पुनरावेदन दुनियावादी देवानी मुद्दा जम्मा १८६५ रहेकोमा उच्च अदालतले ११३७ वटा मुद्दा फछ्र्योट गरेको छ । त्यस्तै पुनरावेदन दुनियाँवादी फौजदारी मुद्दा जम्मा ४४५ वटा रहेकोमा उच्च



अदालतले २१५ वटा मुद्दा फछ्र्योट गरेको छ ।

त्यस्तै, पुनरावेदन सरकावादी फौजदारी मुद्दा जम्मा १६०७ वटा रहेकोमा १००३ वटा मुद्दा फछ्र्योट गरिएको छ । उच्च अदालत जनकपुरले बन्दी प्रत्यक्षीकरण सम्बन्धी जम्मा २५ वटा मुद्दा परेकामध्ये १०० प्रतिसत अर्थात २५ वटै मुद्दा फछ्र्योट गरेको छ ।

यता परमादेश सम्बन्धी ५२९ वटा मुद्दा रहेकोमा उच्च अदालतले ४०३ वटा मुद्दा फछ्र्योट गर्न सफल भएको छ । त्यस्तै, उत्प्रेषण सम्बन्धी जम्मा ३०४ वटा मुद्दा दर्ता भएकामध्ये १९५ वटा मुद्दा फछ्र्योट भएको छ । त्यस्तै, प्रतिषेध सम्बन्धी ५० वटा मुद्दा दर्ता भएकोमध्ये उच्च अदालत जनकपुरले ३३ वटा मुद्दा फछ्र्योट भएको छ ।

यसैगरि अधिकारपृच्छा सम्बन्धी १३ वटा मुद्दा दर्ता भएकामध्ये उच्च अदालत जनकपुरले ७ वटा मुद्दा फछ्र्योट गरेको छ ।

न्यायाधीश उपाध्यायले १८ महिनामा सिध्याउनु पर्ने मुद्दा अब नरहेको स्पष्ट पारे ।

# आतंकवादी गतिविधि बन्द गर्न माग

**टुडे समाचारदाता**

वीरगञ्ज । राष्ट्रिय एकता अभियान पर्साद्वारा वीरगञ्जमा आयोजित “जेहादी आतंकवाद र मधेश - नेपालको सुरक्षा चुनौती“ विषयक बहस




कार्यक्रममा वक्ताहरुले भारत-नेपाल खुला सिमानाको दुरुपयोग गर्दै आतंकवादी गतिविधि गर्दै विभिन्न समूहले नेपाललाई आन्तरिक सुरक्षा चुनौती बनाउँदै लगेको गम्भीर चिन्ता व्यक्त गरेका छन् ।

सो कार्यक्रममा बोल्दै राष्ट्रिय एकता अभियानका केन्द्रीय अध्यक्ष विनय यादवले आतंककारी गतिविधि विरुद्ध नेपाल सतर्क रहनु पर्ने आवश्यकतामा जोड दिए । मधेश - नेपालको सुरक्षाका लागी यस्ता आतंकवादी कारखाना चलाउने विभिन्न देशका दूतावास नेपालबाट हटाउन माग समेत गरे ।

# आन्तरिक राजस्व कार्यालय बर्दिवासमा खुल्यो

**टुडे समाचारदाता**

बर्दिवास । करदाता सेवा कार्यालय बर्दिबासमा थप सेवासहित आन्तरिक राजस्व कार्यालय सञ्चालनमा आएको छ ।

महोत्तरीको बर्दिवास, गौशाला, धनुषाको मिथिला नगरपालिका क्षेत्रलाई करदाता सेवा पुर्याउँदै आएको कार्यालयले बिहीबारबाट आन्तरिक राजस्व कार्यालयका रुपमा आफ्नो सेवा शुरु गरेको छ । करदाता सेवा कार्यालय रहदाँ कर संकलन मात्र गर्दै आएको कार्यालयले आन्तरिक राजस्व कार्यालय बनेसँगै सेवा क्षेत्रमा कर परीक्षण, निरीक्षण र अनुसन्धनात्मक कार्य लगायतका सेवा दिने कार्यालय प्रमुख गेहेन्द्रप्रकाश गिरीले जनाए । उनले यसअघि दुई जिल्लाका पालिकाले सेवा पाइरहेका भए पनि अब कार्यालयको कार्यक्षेत्रमा सर्लाही र सिन्धुलीसमेत थप भएको बताए ।

सर्लाहीको हरिवन, लालबन्दी, मलंगवा, सिन्धुली, धनुषाको मिथिला र महोत्तरीको बर्दिबास, गौशाला लगायतका उद्योग वाणिज्य संघका अध्यक्षहरुले आन्तरिक राजस्व कार्यालय स्थापनाले व्यवसायीलाई सहजता र हित हुने बताएका छन् । बर्दिवाससहित पायक पर्ने स्थानका




व्यवसायी तथा सरोकारवालालाई सेवा सहजताका लागि गरिएको पहल सार्थक भएको भन्दै उद्योग वाणिज्य संघ बर्दिबासका अध्यक्ष विष्णुबहादुर खड्काले आगामी दिनमा कार्यालयले दिने सेवा पनि छिटोछरितो बनाउन माग गरे ।

बर्दिवासको मुख्य बजार क्षेत्रमा भाडाको घरमा सञ्चालित कार्यालय हाल बर्दिवास १४ स्थित आफ्नै जग्गामा अत्याधुनिक सेवासुविधासहित भवन निर्माण गरिरहेको कार्यालयले जनाएको छ । आन्तरिक राजस्व कार्यालय जनकपुरधामका प्रमुख कर अधिकृत आनन्दकुमार गुप्ताले थप सेवा सहितका आन्तरिक राजस्व कार्यालयको उद्घाटन गरेसँगै कार्यालय सञ्चालनमा आएको छ ।

# टिकटक बन्यो सार्क टैंक नेपालको आधिकारिक मनोरञ्जन पार्टनर

**टुडे समाचारदाता**

जनकपुरधाम । टिकटकले सार्क टैंक नेपालसँगको आफ्नो औपचारिक साझेदारीको घोषणा गरेको छ । जसअन्तर्गत शोको बहुप्रतिक्षित पहिलो सिजनका लागि टिकटक एक्सक्लुसिभ मनोरञ्जन पार्टनर हुनेछ। यो साझेदारी नेपालकै मनोरञ्जन र उद्यमशीलताको क्षेत्रमा एउटा महत्वपूर्ण क्षणको रूपमा रहेको छ । किनभने विश्वव्यापी रूपमा प्रशंसित यो व्यवसायिक रियालिटी शो पहिलो पटक नेपालमा प्रस्तुत हुँदैछ।

सार्क टैंक नेपालले नेपाली दर्शकहरूलाई यो प्रतिष्ठित अन्तर ाष्ट्रिय फ्रेन्चाइज पहिलो पटक प्रस्तुत गर्दैछ । शोमार्फत स्थानीय उद्यमीहरूले शार्क भनिने अनुभवी लगानीकर्ताहरूको प्यानलसामु लगानी, मार्गदर्शन र राष्ट्रिय स्तरको मान्यता प्राप्त गर्ने अपेक्षासहित आफ्ना इनोभेटिभ आइडियाहरू पीच गर्ने अवसर पाउनेछन् ।

टिकटक दक्षिण एशियाका कन्टेन्ट अपरेशन्स लिड उमैस नविद भन्छन्, “सार्क टैंक नेपालसँगको यो साझेदारीले क्षेत्रीय क्रियटरहरूलाई सशक्त पार्ने र प्रेरणादायी उद्यमशील यात्राहरूलाई उजागर गर्ने हाम्रो प्रतिबद्धतालाई अझ बलियो बनाउँछ । यो




सहकार्यले इनोभेसनलाई प्रवर्द्धन गर्ने, व्यवसायिक स्टोरीटेलिंगलाई प्रोत्साहित गर्ने र नेपालको स्टार्टअप इकोसिस्टममा योगदान पुर्याउने विश्वास हामीले लिएका छौं। टिकटकले पहिलो दिनबाटै यो परिवर्तनकारी प्लेटफर्मको हिस्सा बन्न पाएकोमा हामी गर्व गर्दछौं ।”

हाल शार्क टैंक नेपालका सबै शार्कहरू टिकटकमा सक्रिय छन् । जहाँ उनीहरूले आफ्ना अनुभव, सुझाव र व्यवसायिक दृष्टिकोण सिधै दर्शकमाझ प्रस्तुत गरिरहेका छन् । उनीहरूको सक्रियताले टिकटकमा नेपालभित्र र बाहिर समेत दर्शक र क्रियटरहरूको भाइब्रेन्ट कम्युनिटी निर्माणमा सहयोग पुर्याइरहेको छ। यसका अतिरिक्त, टिकटकले शोसँग सहकार्य गर्दै लामो फर्म्याटका कन्टेन्टहरू प्रस्तुत गरिरहेको छ। जसले मनोरञ्जनमा विविधता थप्ने र शोको स्टोरीटेलिंगलाई टिकटकको मौलिक फिचरसँग मिलाएर थप आकर्षक बनाउने विश्वास गरिएको छ ।

नेपालका लागि शार्क टैंकको फ्रेन्चाइजी हिमालय टेलिभिजनका कार्यकारी निर्देशक श्याम कँडेल भन्छन्, “नेपालमा शार्क ट्यांक जस्तो विश्वस्तरीय शो ल्याउन पाउँदा हामीलाई गर्व लागेको छ । टिकटकसँगको साझेदारीले हाम्रो शोको प्रभाव र पहुँचलाई अझ फैलाउनेछ। टिकटक मार्फत हामी युवापुस्ताका उद्यमी र दर्शकहरूसँग सिधा संवाद गर्न सक्छौं, जसले व्यवसायिक सोचलाई अझ सरल र प्रेरणादायी बनाउँछ ।”

शोको आधिकारिक ह्यासट्याग टिकटकमा शोसम्बन्धी सम्पूर्ण सामग्रीहरूको केन्द्र बनेको छ र ट्रेन्डिङ तथा डिस्कभरी सरफेसहरूमा देखा पर्न थालिसकेको छ । केवल १० दिनभित्र, शोको टिकटकमा ४०,००० भन्दा बढी फलोअर्समा पुगेको छ र सिजनभरि बिहाइण्ड द सीन भिडियो क्लिप्स, विशेष अन्तर्वार्ताहरू, मुख्य क्षणहरू, शार्कहरूका प्रतिक्रिया लगायत थुप्रै एक्सक्लुसिभ सामग्रीहरू प्रस्तुत गर्ने लक्ष्यमा छ ।

यो साझेदारीले उद्यमशीलता, कन्टेन्ट इनोभेसन र लोकल स्टोरीटेलिंगमा टिकटकको प्रतिवद्धतालाई स्पष्ट पार्दछ । डिजिटल मनोरञ्जनको ऊर्जा र व्यवसायिक प्रस्तुतीकरणको अनुशासन तथा प्रेरणालाई एकसाथ जोड्दै, टिकटक र शार्क ट्यांक नेपालले सँगै मिलेर देशभरका दर्शकहरूसामु जानकारी, मनोरञ्जन र सशक्तिकरणको अर्थलाई पुनःपरिभाषित गरिरहेका छन् ।

टिकटक छोटो आकारको मोबाइल भिडियोका लागि अग्रणी गन्तव्य हो । यसको लक्ष्य रचनात्मकतालाई उत्प्रेरित गर्नु र खुसी फैलाउनु हो। टिकटकका कार्यालयहरू लस एन्जलस, न्यूयोर्क, लन्डन, पेरिस, बर्लिन, दुबइ, सिंगापुर, जकार्ता, जोहानसबर्ग, सिओल र टोकियो लगायत विश्वभर रहेका छन् ।

# ट्रकमा करेन्ट लागेर खलासीको मृत्यु, दुई जना घाइते

**टुडे समाचारदाता**

मलंगवा । सर्लाही जिल्लाको लालबन्दी नगरपालिका-१ स्थित लखनदेही पुल नजिकै रहेको न्यू माँ राजदेवी खाद्य उद्योग परिसर भित्र विद्युतीय करेन्ट लागेर खलासीको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् ।

रौतहटमा बिहीबार धानको भुस लिन आएको ना.६ ख ७५५० नम्बरको ट्रकमा त्रिपाल हटाउने क्रममा माथिबाट गएको ११ हजार भोल्टको विद्युत लाइनमा करेन्ट लागेको थियो ।

करेन्ट लागेर ट्रकमा काम गरिरहेका खलासी रौतहट बृन्दावन नगरपालिका-७ का ३० वर्षीय दिनेश पासवानको उपचारको क्रममा मृत्यु भएको सर्लाही प्रहरी प्रवक्ता डीएसपी सरोज कुमार राईले बताएका छन् ।

करेन्ट लागेर अन्य तीनजना कामदारहरु घाईते भएका छन् ।

घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय नवलपुरबाट सई भरत साहको कमाण्डमा तीन जनाको प्रहरी टोली घटनास्थलमा खटिएर घाइतेहरुलाई तत्कालै उपचारको लागि नमुना अस्पताल, हरिवन पठाएको थियो ।

घटनामा ट्रकका सहचालक खलासी पासवानको उपचारको क्रममो मृत्यु भएको नमुना अस्पतालले जनाएको छ ।

त्यस्तै सोही ट्रकमा काम गर्दै आएका २५ वर्षीय कुन्दन पासवान र ४० वर्षीय जागेश्वर पासवान दुवै हात र खुट्टामा करेन्ट लागेको अवस्थामा उपचाररत छन् । उनीहरुको अवस्था मध्यम रहेको अस्पताल स्रोतले जनाएको छ ।

प्रहरीका अनुसार सो ट्रक इलाका प्रहरी कार्यालय नवलपुरको नियन्त्रणमा रहेको छ भने ट्रक चालक वीरगञ्ज महानगरपालिका-३० का ३९ वर्षीय शेख लाल महमद पनि हाल उपचारमा संलग्न छन् ।

सो स्थान इलाका प्रहरी कार्यालय नवलपुरबाट करिब ५०० मिटर पश्चिममा पर्ने बताइएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको सर्लाही प्रहरीले जनाएको छ ।

स्तनपान गराऔं, बालस्वास्थ्यमा सुधार गरौं।

- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (विगौती) दुध खुवाऔं,
- जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दुधमात्र खुवाऔं,
- ६ महिना पुरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔं,
- आमाको दुध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसंग लड्ने सक्ने क्षमतालाई बढाउँछ,
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ,
- चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
- सकेसम्मदुधदानीवाबोतलकोदुधप्रयोगनगरौं,
- स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं ।

विश्वस्तनपान सप्ताह सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८